"लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत समृद्धि"

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७७/०७८

तथा

वार्षिक बजेट, नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७८/०७९

संरक्षक



श्री गोविन्द बहादुर पौडेल
गाउँपालिका अध्यक्ष

श्री शान्ता दुंगेल
गाउँपालिका उपाध्यक्ष

सल्लाहकार

श्री अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

सम्पादन मण्डल

श्री द्रोण कुमार धमला
सूचना प्रविधि अधिकृत

श्री अशोक घिमिरे
शिक्षा अधिकृत

श्री बलराम फुयल
लेखा प्रमुख

तथ्याङ्क संयोजन:
गाउँ कार्यपालिका कार्यालयका शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारी

सर्वाधिकार:
प्रकाशकमा सुरक्षित

प्रकाशक:
लिखु गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुंगा

अध्यक्षज्यूको कलमबाट

लामो संघर्ष र बलिदानीबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो महान अभियानमा सरिक भई आफ्नो ज्यान आहुती गर्ने ती महान शहिद प्रति म सदैव भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसै गरी बलिदानीपूर्ण संघर्षमा अहम् भूमिका निर्वाह गर्नुहुने ती महान योद्धाहरुलाई उच्च सम्मान व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र संमृद्धिको आकांक्षा पूरा गर्न, नेपालको संविधानले परिकल्पना गरे अनुसार जनतालाई सेवा सुविधा पुर्याउन संघीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकार क्रियाशील रहेका छन् । स्थानीय सरकारको रुपमा लिखु गाउँपालिका २०७३ सालमा स्थापना भई संविधान प्रदत्त अधिकारको उच्चतम प्रयोग गरी गाउँपालिकाबासीमा सेवा प्रवाह गर्दै आएको छ ।

जनताको आधारभूत आवश्यकता र विकासको चाहानालाई दक्ष एवं प्रभावकारी तवरले सम्बोधन गर्नु कानूनतः हाम्रो जिम्मेवारी हो । जनमतको उच्च सम्मान र आदरका साथ यस गाउँपालिकाको शासन व्यवस्थालाई संचालन गर्ने अवसर पाएकोमा म आफूलाई भाग्यशाली ठान्दछु । हामी आज संघीय शासन प्रणाली अन्तरगत स्थानीय सरकार सञ्चालन गर्ने भूमिकामा रहेका छौँ । सुशासन, पारदर्शिता, नागरिक प्रति संवेदनशीलता र उत्तरदायित्व स्थानीय सरकारका आधारभूत मान्यता रहेका छन् । यी आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासनका हरेक पक्षलाई समन्वयात्मक ढंगबाट प्रयोग गरेमा मुलुकको हरेक शासन सञ्चालनमा सबै नागरिकको सहभागिता हुन्छ र समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय आकांक्षा पुरा हुन जान्छ । यही मूल ध्येय राखी हाम्रो गाउँपालिकामा सुशासन व्यवस्थापनका सबै पक्षलाई सन्तुलित ढंगबाट प्रयोग भएको छ । व्यवस्थित कार्यालय योग्य र क्षमतावान कर्मचारी र स्पष्ट नीति तथा कार्यक्रमको मूल मन्त्र मानिएको छ । कानूनी शासनको प्रत्याभूत गर्न आवश्यक कानूनको तर्जुमा गरी लागु गरिएको छ ।

आफू र आफ्ना मातहतका कार्यालयबाट सम्पादन भए गरेका कामको वार्षिक प्रतिवेदन सम्बन्धित सबैमा जानकारी गराउनु स्थानीय सरकारको एउटा महत्वपूर्ण दायित्व हो । त्यसैले आ.ब. २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ । यो प्रतिवेदन प्रकाशनको महत्वपूर्ण भूमिकामा रहनु भएका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनिधीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै पाठक, सरोकारवाला र गाउँपालिका निवासी सम्पूर्णबाट प्रतिकृयाको अपेक्षा राखेको छु ।

धन्यवाद !

अध्यक्ष

गोविन्द बहादुर पौडेल

उपाध्यक्षज्यूको कलमबाट

देशलाई समृद्धिको बाटोतर्फ लैजाने क्रममा आफ्नो जीवन आहुती दिनु हुने महान सहिद प्रति भावपूर्ण श्रद्धाजली अर्पण गर्दछु साथै अपांग घाईते योद्धाहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।

राज्य पुनर्संरचना पश्चात बनेका तीन तहका सरकारहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका भूमिकाहरु आ-आफ्नै स्थानमा विशिष्ट छन् । तथापि स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार एवम् जनताका दैनिक जीवनयापन लगाएतका अन्य पक्षहरुसँग प्रत्यक्ष सरोकार राख्ने भएको हुँदा स्थानीय तहमा स्थानीय सरकार सञ्चालनार्थ निर्वाचित जनप्रतिनिधि, सरोकारवाला पक्षहरु र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको बीचमा सेवा प्रवाह, गुणस्तरीय कार्यसम्पादन एवम् विकास प्रतिको दृष्टिकोणका बीचमा सकरात्मक ऐक्यबद्धता तथा बुझाईमा एकरुपता हुनु आवश्यक हुन्छ । स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको बीचमा समन्वय, सहकार्य र सहजीकरणको मार्गबाट संघीयता कार्यान्वयनको आधारशीलालाई मजबुत बनाई गाउँपालिकाको विकासको पाटोलाई सबलीकरण गर्नु आजको अनिवार्य आवश्यकता हो । उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै विकासका हरेक गतिविधिलाई आर्थिक विकासका आयामहरुसँग एकाकार गरी रोजगारी सिर्जना एवम् स्थानीय सरकारका हरेक क्रियाकलापलाई नतिजान्मुख सन्तुलित विकासको ढाँचालाई अबलम्बन गर्नु नितान्त आवश्यक छ । यसका लागि नीतिगत स्पष्टता, संस्थागत सक्षमता, वित्तीय व्यवस्थापन र प्रभावकारी कार्यान्वयनका लागि चुस्त संगठन तथा त्यससँग सम्बन्धित संयन्त्रको उचित परिचालन गर्नु पर्ने हुन्छ ।

संघीय आधारशीलालाई मजवुत बनाई विकास निर्माणको कार्यलाई जनतामुखी बनाउँदै नीति, विधि र पारदर्शीताको माध्यमबाट स्थानीय सरकारका क्रियाकलापहरुलाई सञ्चालन गर्न आवश्यक कानूनको निर्माण गरि कानूनी राज्यको प्रत्याभूत गराउन यस गाउँपालिका सक्षम रहेको छ । उत्पादनलाई उत्पादकत्वमा जनमुखी सरकारको प्रत्याभूत गराउन "लिखु गाउँपालिकाको दृष्टिःसुशासन मार्फत समृद्धि" भन्ने मूल भावलाई कार्यान्वयन गर्न गाउँपालिकाले पहिचान गरेको नीति, योजना तथा कार्यक्रमहरुलाई आवश्यकताका आधारमा विकासका तीन तहका सरकारहरु बीचमा समन्वय, सहकार्य र सहजीकरण गर्दै अनुकूल वातावरण निर्माणमा गाउँपालिकाले विगतमा खेलेको भूमिकाको निरन्तरतासँगै अझ सुदृढीकरणका लागि उचित पहलकदमी साथ कार्य गर्दै आईएको छ ।

गाउँपालिकाले वार्षिक रुपमा गरेका सम्पूर्ण क्रियाकलापहरुलाई एकमुष्ट रुपमा समावेश गरी वार्षिक प्रतिवेदन, २०७७/७८ तथा वार्षिक बजेट, नीति तथा कार्यक्रम, ०७८/७९ नामक पुस्तक प्रकाशन गरेको छ । प्रतिवेदन प्रकाशन गर्न महत्वपूर्ण भूमिकामा रहनु हुने जनप्रतिनिधि, कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु । गाउँपालिकाले गर्ने क्रियाकलापहरु नवीन तथा पृथक ढंगबाट कार्यान्वयन गरि निरन्तर अगाडि बढ्ने भनाई व्यक्त गर्दै पाठक, सरोकारवाला र गाउँपालिका निवासी सम्पूर्णबाट सुझाव तथा प्रतिकृयाको अपेक्षा गर्दछु ।

धन्यवाद !

शान्ता ढुंगेल
उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतज्यूको कलमबाट

नेपालको संविधान जारी भए पश्चात स्थानीय स्वायत्त शासनको उत्तम अभ्यास स्वरुप स्थानीय तहको गठन भई जनताको सबैभन्दा नजिकको सरकारको रुपमा कार्य गर्दै आईरहेको छ । जनताको दैनिक जीवनयापनमा असर पार्ने आवश्यकताहरु, आधारभूत सेवाहरु लगायत स्थानीय विकास निर्माणका आवश्यकताहरु स्थानीय सरकारको प्रमुख सरोकारको रुपमा रहेको देखिन्छ । जनताको आधारभूत आवश्यकताहरु स्थानीय तवरबाटै सम्बोधन हुन संविधानमा नै स्थानीय तहका व्यवस्थापकीय, कार्यकारिणी तथा न्यायीक अधिकारहरु सुनिश्चित गरिएका छन् । जसलाई नीतिगत रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य संघीय तथा प्रदेश कानूनहरुले व्यवस्थित पारेको देखिन्छ । साथै स्थानीय तहद्वारा तर्जुमा गरिएका स्थानीय कानूनहरुले पनि नीतिगत अभावलाई परिपूर्ति गरेको देखिन्छ । संरचनागत रुपमा स्थानीय तहको कार्यपालिकाको कार्यालय र त्यस मातहत विषयगत शाखाहरु तथा वडा स्तरमा वडा कार्यालय स्थापना भई सञ्चालनमा रहेका छन् ।

स्थानीय आवश्यकताहरु सम्बोधन हुने गरि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्नु, आर्थिक वर्ष भरि बजेटको प्रभावकारी कार्यान्वयन गर्नु, अत्यावश्यक सार्वजनिक सेवाहरु उपलब्ध गराउनु, नीति निर्माण तथा नियमन गर्नु एवम् स्थानीय तहका जनताको विकासको मार्ग प्रशस्त गर्नु स्थानीय तहको प्रमुख दायित्वको रुपमा रहेको देखिन्छ । सोही अनुरुप प्रदेश नं. १, ओखलढुङ्गा जिल्लामा अवस्थित लिखु गाउँ कार्यपालिकाको कार्यालय पनि उपरोक्त दायित्वहरु निर्वाह गर्न "लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत् समृद्धि" भन्ने सोचका साथ क्रियाशील रहेको छ ।

लिखु गाउँपालिकाबाट विद्यमान नीतिगत तथा संरचनागत व्यवस्था अनुरुप कार्यसम्पादन गरिरहेको सन्दर्भमा सुशासनको महत्वपूर्ण पाटोको रुपमा आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाबाट सम्पन्न भएका सम्पूर्ण गतिविधीहरु समेटिएको **"वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/७८ तथा वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७८/७९"** प्रकाशन गरिएको छ । सूचनाको हक प्रत्याभूत गर्न पनि वार्षिक प्रतिवेदन प्रकाशन अत्यावश्यक रहेकोले मुख्य रुपमा यस प्रतिवेदनमा लिखु गाउँपालिकाको परिचय, यसको काम, कर्तव्य र अधिकार, स्थानीय तहमा विधायिकी, कार्यकारी तथा न्यायीक अधिकार प्रयोगको अवस्था, विषयगत शाखाहरुबाट सम्पादन भएका कार्यहरु तथा सेवाको विवरण, विकास आयोजनाहरुको प्रगति विवरण, वार्षिक आय-व्ययको अवस्था, वार्षिक नीति, कार्यक्रम र बजेट तथा स्थानीय सरकार सञ्चालनको विश्लेषणात्मक टिप्पणी समेत समेटिएको छ । यस प्रतिवेदन प्रकाशनमा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू लगायत सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु प्रति आभार प्रकट गर्न चाहन्छु । प्रतिवेदन तयारी तथा सम्पादनमा सहयोग गर्नुहुने सम्पूर्ण शाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरुले उल्लेखनीय भूमिका निर्वाह गर्नुभएको हुँदा सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस गाउँपालिकाद्वारा प्रकाशित **"वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/७८ तथा वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७८/७९"** अध्ययन गरि आफ्नो अमूल्य सुझाव तथा पृष्ठपोषण प्रदान गरिदिन हुन सम्पूर्ण सरोकारवाला ज्यूहरु सँग हार्दिक अनुरोध गर्न चाहन्छु ।

धन्यवाद !

अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

कार्यकारी सारांश

स्थानीय स्वायत्त शासनको अत्युत्तम अभ्यासको रुपमा नेपालको संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको गठन भई जनताको नजिकको सरकारको रुपमा कार्य गर्दै आईरहेको छ । लिखु गाउँपालिका पनि संविधान तथा कानून प्रदत्त अधिकारहरुको सक्रियता तथा विवेकशीलताका साथ प्रयोग गर्दै जनताको भावना एवम् वास्तविक आवश्यकताका आधारमा कानून तर्जुमा गर्ने, वार्षिक विकास योजना तयार गरि कार्यान्वयन गर्ने, अत्यावश्यक सेवाको प्रत्याभूति गर्ने साथै स्थानीय तहमा कानूनको अधीनमा रही न्यायीक सेवा समेत प्रदान गर्दै आईरहेको छ । यस गाउँपालिकामा रहनुभएका दुरदर्शी सोच भएका जनप्रतिनिधिहरु, उत्साहित कर्मचारीहरु, सबल नीतिगत तथा भौतिक संरचना एवं पूर्वाधार र उत्कृष्ठ कार्यालय संरचना यस स्थानीय सरकारको विशिष्टताको रुपमा देखिएको छ ।

गाउँपालिकाको सामान्य परिचय

प्रदेश नं. १ अन्तर्गत ओखलढुङ्गा जिल्लाको सबभन्दा पश्चिम भागमा लिखु गाउँपालिका अवस्थित रहेको छ । साविकका ६ गा.वि.स. (सिंहदेवी, नर्मदेश्वर, यसम, गाम्नाङ्टार, टारकेराबारी र पोकली) मिलेर हाल ९ वडामा रुपान्तरित यस गाउँपालिकाको क्षेत्रफल ८८.०३ वर्ग कि.मी. रहेको छ । गाउँपालिका पार्श्वचित्र सर्वेक्षण अनुसार यस गाउँपालिकामा ३९९३ घर परिवारमा जम्मा २३,४९९ जनसंख्या रहेको छ भने लैंगिक अनुपात ०.९८, परिवारको औसत आकार ५.८९ जना र जनघनत्व २६६.९४ प्रति वर्ग कि.मी. रहेको छ । क्षेत्रफल तथा जनसंख्याको दृष्टिले सबै भन्दा ठुलो वडा नं. ९ रहेको छ भने जनघनत्व सबभन्दा बढी वडा नं. ४ मा रहेको छ ।

स्थानीय शासकीय प्रबन्ध

नेपालको संविधानको परिकल्पना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विस्तृतीकरण तथा विभिन्न संघीय, प्रदेश तथा स्थानीय कानूनद्वारा लिखु गाउँपालिका स्थानीय सरकारको रुपमा व्यवस्थित भएको देखिन्छ । स्थानीय व्यवस्थापिकाको रुपमा गाउँ सभा, कार्यपालिकाको रुपमा गाउँ कार्यपालिका र न्यायपालिकाको रुपमा न्यायिक समिति कृयाशील रहेको देखिन्छ ।

चालू आ.व. मा गाउँ सभाको २ वटा अधिवेशन सम्पन्न भईसकेको छ भने गाउँ सभाको १०औं अधिवेशन बजेट अधिवेशनको रुपमा सम्पन्न भएको छ । गाउँ सभा अन्तर्गत ५ सभा समिति निर्माण भई कृयाशील छन् । स्थानीय विधायिकी अधिकार अन्तर्गत २७ ऐन र ४२ वटा नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा भई जारी भएको छ । उल्लेखित सबै कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित पनि गरिएको छ ।

गाउँ कार्यपालिकाको बैठक चालू आ.व.मा १७ पटक बसेको छ । कार्यपालिका अन्तर्गतको ६ विषयगत समिति र विभिन्न कानूनहरुद्वारा निर्मित ३० अन्य समितिको बैठक पनि नियमित तथा आवश्यकता अनुसार सञ्चालन भएका छन् । चालू आ.व.मा सम्पन्न सम्पूर्ण बैठकका निर्णयहरु सर्वसम्मत हुनु यस गाउँपालिकाको उदाहरणीय विशेषता हो ।

गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको ३ सदस्यीय न्यायिक समिति स्थानीय न्यायपालिकाको रुपमा कृयाशील छ ।

संगठन तथा प्रशासन

गाउँ कार्यपालिका कार्यालयको मातहत ९ वटा वडा कार्यालय, ११ वटा स्वास्थ्य संस्था, २२ विद्यालय रहेका छन् । लिखु गाउँपालिका अन्तर्गत हाल ३४ स्थायी, ९२ करार गरि जम्मा १२६ जना कर्मचारी कार्यरत छन् । जस मध्ये चालू आ.व. मा मात्र २५ जनाको नियमानुसार पदपुर्ति गरिएको छ । चालू आ.व. मा १६६ जना कर्मचारीहरुलाई ४५ प्रकारका तालीम प्रदान गरिएको छ । वार्षिक कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ठ कर्मचारी पुरस्कृत गर्ने कार्यलाई चालू आ.व. मा पनि निरन्तरता दिईएको छ ।

गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेत गरि हाल सम्म जम्मा १०५-५-१-० रोपनी जग्गा प्राप्ति गरिएको छ भने ११ वटा भवनहरु निर्माण भएका छन् । वडा कार्यालयहरु मध्ये वडा नं. १, ३, ४, ५ र ७ को कार्यालय भवन भाडामा रहेको छ । सवारी साधनतर्फ कार्यालयको नाममा १३ वटा मोटरसाईकल, २ वटा चार पाङ्ग्रे सवारी र १ वटा व्याक हु लोडर रहेको छ ।

यसका अतिरिक्त गाउँपालिका क्षेत्र भित्र ५ वटा हुलाक कार्यालय र २ वटा प्रहरी चौकी समेत रहेको छ ।

स्थानीय आर्थिक कार्यप्रणाली

लिखु गाउँकार्यपालिका कार्यालयको आर्थिक व्यवस्थापन नेपालको संविधानमा निर्दिष्ट स्थानीय आर्थिक कार्य प्रणाली बमोजिम हुँदै आईरहेको छ । वार्षिक नीति, कार्यक्रम तथा बजेट सँगै आर्थिक ऐन, २०७७ र विनियोजन ऐन, २०७७ तथा प्रचलित आर्थिक कार्यविधि कानून अनुसार गाउँपालिकाको समग्र आर्थिक प्रशासन सञ्चालन भएको छ ।

कार्यालय अन्तर्गत राजश्व तथा आर्थिक प्रशासन शाखा व्यवस्थित गरिएको छ भने खर्च केन्द्रको रुपमा कार्यपालिका कार्यालय मात्र रहेको छ । कर संकलनको सन्दर्भमा कार्यपालिका कार्यालय अन्तर्गत राजश्व उपशाखा रहेको छ भने वडा कार्यालयहरु कर संकलन ईकाईको रुपमा रहेका छन् । गाउँपालिकाको राजश्व तथा आर्थिक प्रशासनलाई थप प्रभावकारी बनाउन सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) तथा राजश्व व्यवस्थापन प्रणाली (RIMS) प्रयोगमा ल्याईएको छ । भुक्तानीको सन्दर्भमा आवश्यक कागजात तथा बिल भरपाई प्राप्त भएको ७ दिन भित्र भुक्तानीको व्यवस्थापन गर्ने प्रयास गरिएको छ भने सम्पुर्ण भुक्तानी बैंकिङ्ग प्रणालीद्वारा गरिएको छ । राजश्व संकलन तथा खर्चको फाँटवारी कार्यालयको वेभ साईटमा नियमित प्रकाशन पनि गरिएको छ ।

आन्तरिक आय विगत वर्षको भन्दा १९२% ले वृद्धि भई आ.व. २०७७/७८ मा जम्मा रु ३९,६७,५४३।०० आन्तरिक राजश्व संकलन भएको छ । गाउँ कार्यपालिकाको प्रशासनिक खर्च राजश्वको सीमा भित्र नै रहेको छ भने आन्तरिक राजश्वबाट चालू आ.व.मा ३ वटा पूर्वाधार विकास योजना पनि सञ्चालन भएका छन् । आ.व. २०७७/७८ मा विनियोजित बजेटको चालूतर्फ ८९% र पूँजीगततर्फ ६६.६% गरि जम्मा ८१.५% खर्च भएको छ ।

सार्वजनिक सेवा प्रवाह

शिक्षा: लिखु गाउँपालिकामा शैक्षिक पूर्वाधारतर्फ १४ आधारभूत विद्यालय र ८ माध्यमिक विद्यालय गरि जम्मा २२ वटा सामुदायिक विद्यालय रहेका छन् यसका साथै संस्थागत विद्यालय १ र क्याम्पस १ वटा रहेका छन् ।

सामुदायिक विद्यालयतर्फ १५६८ छात्रा र १४५३ छात्र गरि जम्मा ३०२१ विद्यार्थी अध्ययन गर्ने गरेको देखिएको छ भने लैंगिक अनुपात छात्रा र छात्रको १.०८ रहेको छ। बाल विकास केन्द्र २४ वटामा ३८५ जना बालबालिका रहेको देखिएको छन् । सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ भने सामुदायिक विद्यालयहरुमा २३८ जना शिक्षक तथा कर्मचारी कार्यरत रहेका छन् । विद्यालय पूर्वाधारतर्फ सूचना प्रविधि सामग्री आपूर्ति गराईएको छ भने शौचालय निर्माण, घेराबेरा तथा खानेपानी संरचना निर्माणमा लगानी बढाईएको छ।

स्वास्थ्यः लिखु गाउँपालिकाको सबै वडामा कुनै न कुनै प्रकारको स्वास्थ्य संस्था सञ्चालनमा रहेको छ। जसमा ६ वटा हेल्थ पोष्ट, ३ वटा आधारभुत स्वास्थ्य केन्द्र रहेका छन्। कोभिड १९ को महामारी व्यवस्थापनका लागि कोभिड १९ अस्थायी अस्पताल पनि स्थापना गरिएको छ। चालू आ.व. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लागू गरि गाउँ कार्यपालिकाको कार्यालयले स्वास्थ्य चौकी गाम्नाङ्टारलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गरेको छ। स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मेडिकल अधिकृत सहितको २४ घण्टे आकस्मिक र प्रसुति सेवा, ई.सी.जी., अल्ट्रासाउण्ड तथा प्रयोगशाला सेवा थप गरि सुचारु गरिएको छ। यस गाउँपालिका अन्तर्गत ८२ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन् भने खोप क्लिनिक २०, गाउँघर क्लिनिक २२ र दुर दराजमा स्वास्थ्य सेवा पुर्याउन २ वटा हेल्थ युनिट पनि सञ्चालन गरिएको छ। औषधी आपूर्तितर्फ निशुल्क रुपमा प्रदान गरिने औषधीको दायरा ३५ बाट विस्तार गरि १२० पूर्याईएको छ। Nebulizer, Oxygen cylinder, Oxygen concentrator, Bed, BP set, Weight machine लगायतका अत्यावश्यक उपकरणहरुको आपूर्ति सुनिश्चित गरिएको छ।

कृषि तथा पशु सेवाः चालू आ.व.मा कृषि तथा पशुतर्फ ४ जना कर्मचारीहरुको करार सेवा अन्तर्गत पदपूर्ति गरि कृषि तथा पशुपंछी विकास कार्यालयको सुद्रिढीकरण गरिएको छ। सशर्त कार्यक्रम अन्तर्गत कृषि तथा पशु क्षेत्रको पकेट विकास कार्यक्रम सम्पन्न गरिएको छ भने गाउँपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत विषादी तथा औषधी सम्बन्धित कृषकलाई उपलब्ध गराउने प्रयास गरिएको छ। आन्तरिक श्रोततर्फ रकम अपुग भएका कारण अन्य कार्यक्रमहरुको कार्यान्व्यन प्रभावित भएको छ। वडा नं. १, ३, ७, ८ र ९ मा कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न गरिएको छ। खोप भण्डारणका लागि गुणस्तरीय रेफ्रिजेरेटर खरिद गरि गाउँ कार्यपालिकाको कार्यालयमा Cold Chain Center निर्माण गरिएको छ। सहास नेपालको सहकार्यमा वडा नं. ८ मा कृषि मेला तथा माटो परिक्षण शिविर पनि सम्पन्न गरिएको छ।

सामाजिक सुरक्षा तथा संरक्षणः गाउँ कार्यपालिकाको कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०७७/७८ मा १,२४४ घटना दर्ता भएको देखिएको छ। त्यसै गरि सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही आर्थिक वर्ष २०७७/७८ को तेश्रो चौमासिकमा २०७२ जना रहेका थिए। राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत ६,५१२ जनाको दर्ता भएको छ।

गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७७/७८ सम्म जम्मा २३२ वटा अपाङ्ग परिचय पत्र र ६८१ वटा जेष्ठ नागरिक परिचय पत्र जारी गरिएको छ।

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रोजगार सेवा केन्द्रद्वारा आर्थिक वर्ष २०७७/७८ का लागि ७०२ जना बेरोजगारको रुपमा सूचीकरण भएका मध्ये २१३ जनाले १०० दिनको रोजगारी पाएको देखिएको छ । यसै कार्यक्रम अन्तर्गत गाउँपालिका भरिमा जम्मा १७ वटा आयोजना सम्पन्न गरिएको छ ।

वडा कार्यालयको सेवा: यस गाउँपालिका अन्तर्गत सबै वडामा वडा कार्यालय स्थापना भई सञ्चालनमा रहेका छन् । चालू आ.व. वडातर्फ ५ जना प्राविधिक कर्मचारीको पदपूर्ति गरिएको छ । घटना दर्ता, नागरिकता सिफारिस, नाता प्रमाणित, अन्य सिफारिस लगायत जेष्ठ मसान्त सम्म सम्पुर्ण वडा कार्यालयबाट ५,०३६ वटा सेवा प्रवाह भएको छ ।

सूचनाको हक तथा गुनासो फर्छ्यौट: सुचनाको हकको प्रत्याभूति तथा सुशासन कायम गराउन गाउँ कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । गाउँपालिकाबाट सम्पादित कार्य, समितिका निर्णयहरु, महत्वपूर्ण सूचनाहरु, सार्वजनिक खरिद सम्बन्धी सूचनाहरु, आय व्ययको प्रतिवेदन गाउँपालिकाको वेभ साईट, फेसबुक पेज तथा अन्य माध्यमबाट सार्वजनिक गर्ने गरिएको छ । गाउँपालिकाको वार्षिक प्रतिवेदन प्रकाशित गरिएको छ बने भौतिक रुपमा उपस्थित भई वा ईमेल मार्फत् माग गरिएका सुचना समेत समयमै उपलब्ध गराईएको छ । सेवा प्रवाह सम्बन्धमा आएको गुनासो फर्छ्यौटका लागि कार्यालय अत्यन्त संवेदनशील रहेको छ । कार्यक्रम तथा योजनाहरुको सार्वजनिक सुनुवाई प्राथमिकताका साथ सम्पन्न गरिएको छ ।

सेवा प्रवाहको मापदण्ड: सेवा प्रवाहलाई थप गुणस्तरी, पहुँच योग्य तथा प्रभावकारी बनाउन सार्वजनिक सेवाको मापदण्ड, २०७८ तर्जुमा गरि लागू गरिएको छ ।

अन्य सेवा: लिखु गाउँपालिका अन्तर्गत जम्मा १८ वटा गैसस, ९ वटा जल उपभोक्ता संस्था, ८० कृषि समूह, २७ पशुपालन समूह दर्ता भई कृयाशील रहेका छन् भने कार्यालयको अभिलेख अनसार जम्मा १३९ व्यापारिक पसलहरु, ७४ वटा कृषि तथा पशुपालन फर्म, १५ होटल र १ निर्माण व्यवसाय दर्ता भएका छन् । सहकारी संस्थातर्फ १४ संस्था दर्ता भई सञ्चालनमा छन् र १ वटा "क" वर्गको बैंक सञ्चालनमा रहेको छ ।

न्याय सम्पादन

नेपालको संविधानमा भएको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको विस्तृतीकरण र गाउँपालिकाको न्यायीक समिति कार्यविधि ऐन, २०७५ अनुसार यस गाउँपालिकामा पनि उपाध्यक्ष ज्यूको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समिति गठन भई गाउँपालिका क्षेत्र भित्र रहेका अन्यायमा परेका जनताहरुका लागि सर्वसुलभ र सहज तरिकाले स्थानीय स्तरमा न्याय दिलाउन कृयाशील रहेको छ । गत आ.व. को ६ वटा र चालू आ.व.मा ५ वटा नयाँ मुद्दा दर्ता भई जम्मा ११ मुद्दा विचारधीन रहेकोमा चालू आ.व. मा ६ वटा मुद्दा फर्छ्यौट भएका छन् । अधिकांस मुद्दा लुटपिट/ कुटपिट, जग्गा किचलो, गाली बेइजती, अबैधानिक मदिरा भट्टी प्रकृतिको रहेको छ । चालू आ.व.मा ११ पटक न्यायिक समितिको बैठक बसेको छ ।

भौतिक पूर्वाधार विकास तथा योजना व्यवस्थापन

लिखु गाउँपालिकामा भौतिक पूर्वाधार अन्तर्गत बस पार्क २ स्थानमा, सिंचाई आयोजना ३८ र खानेपानी आयोजना ५२ वटा रहेका छन् । गाउँपालिकाको आफ्नै लगानीमा गाउँकार्यपालिका कार्यालय नजिकै बजार व्यवस्थापन भवन निर्माण गरि सञ्चालनको नीतिगत तथा संरचनागत व्यवस्था गरिएको छ । गाउँपालिका क्षेत्र अन्तर स्थानिय तह जोड्ने सडक ४० कि.मी., रणनीतिक सडक २९ कि.मी., प्रमुख सडक ८१ कि.मी. र अन्य शाखा सडक १६९ कि.मी. रहेको भए तापनि कालोपत्रे कुनै पनि हुन सकेको छैन । सार्वजनिक शौचालय १६ वटा रहेकोमा अधिकांस मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् । झोलुङ्गे पुल ३६ वटा रहेको छ भने लघु जल विद्युत आयोजना १३ वटा रहेका छन् जुन गाउँपालिकाको विद्युत आपूर्तिको प्रमुख श्रोत पनि हो ।

चालू आ.व. मा गाउँपालिका पूर्वाधार, पूँजीगत अनुसन्धान, स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम, पर्यटन पूर्वाधार तथा साना सिंचाई कार्यक्रम समेत गरि भौतिक पर्वाधारतर्फ जम्मा १३२ योजना कार्यान्व्यन भएका छन् । विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनाहरुको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छः

सि.नं.	आयोजनाको नाम	बजेट व्यवस्था	बजेटको श्रोत	कार्यान्व्यनको अवस्था
१.	२० वर्षे विकास गुरु योजना	आंशिक भएको	गाउँपालिका	आंशिक भएको
२.	यातायात गुरु योजना	आंशिक भएको	गाउँपालिका	आंशिक भएको
३.	प्रशासकीय भवन निर्माण	भएको	संघीय समपूरक	नभएको
४.	वडा कार्यालय भवन निर्माण	नभएको	नभएको	नभएको
५.	गाउँपालिका रणनीतिक सडक निर्माण	आंशिक भएको	प्रदेश समपूरक	आंशिक भएको
६.	पोकली झरना गुरु योजना	आंशिक भएको	संघीय र प्रदेश सशर्त	आंशिक भएको
६.	यसम बसपार्क निर्माण	आंशिक भएको	प्रदेश सशर्त	आंशिक भएको
७.	खानेपानी गुरु योजना	आंशिक भएको	गाउँपालिका	आंशिक भएको
८.	५ शैय्या आधारभूत अस्पताल	भएको	संघीय सशर्त	भईरहेको
९.	स्वास्थ्य क्षेत्र सुधार आयोजन	भएको	संघीय विशेष	भईरहेको
१०.	नमूना विद्यालय निर्माण गुरु योजना	भएको	संघीय सशर्त	भैरहेको
११.	नदीजन्य श्रोत व्यवस्थापन वातावरणीय प्रभाव मूल्याङ्कन	भएको	गाउँपालिका	भईरहेको

शैक्षिक पूर्वाधारतर्फ सशर्त समेत गरि १९, स्वास्थ्य भौतिक पूर्वाधारतर्फ ४ वटा आयोजना कार्यन्वयन भएकोमा ५ शैय्या अस्पतालको DPR सम्पन्न गरि ठेक्का आह्वान गरिएको छ भने ३ वटा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भएको छ । यसका साथै सघन सहरी विकास कार्यालयबाट २ वटा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भई हस्तान्तरण भईसकेको छ भने थप २ वटा को निर्माण शुरु भएको छ ।

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १३७ घरमा खरको छाना हटाई आवास सुरक्षित बनाउन सम्बन्धित घरमूली सँग सम्झौता गरि पेश्की रकम उपलब्ध गराईएको छ।

कृषि तथा पशुपंछीतर्फ पकेट विकास तथा कृषि उपज संकलन केन्द्र निर्माण गरि ८, भू-संरक्षणतर्फ ८, लघु जलविद्युत आयोजनाबाट विद्युत उत्पादनतर्फ ६, सौर्य ऊर्जातर्फ ३, सुधारिएको चुलोतर्फ १, सडक बोर्डको सडक स्तरोन्नतितर्फ १, प्रधानमंत्री रोजगार कार्यक्रमतर्फ १७ तथा विपद् व्यवस्थापन भण्डार भवन निर्माण १, कन्टिजेन्सी श्रोतबाट ४ योजना र झोलुंगे पुल १ वटा योजना गरि आ.व. २०७७/७८ मा २०६ योजना कार्यान्व्यन भएका छन्।

पुननिर्माण तर्फ २०७२ सालको बिनासकारी भुकम्प पछी भुकम्प पिडितको पुनर्लाभको लागि नेपाल सरकार राष्ट्रिय पुननिर्माण प्राधिरकणको अनुदानमा लिखु गाउँपालिकाका ३६५१ लाभग्राही मध्ये ३४९६ घर परिवारले तेस्रो किस्ता समेत राहत प्राप्त गरी घर बनाउने काम सम्पन्न भएको छ।

गाउँपालिका पूर्वाधार विकास तथा प्रधानमंत्री रोजगार कार्यक्रम मार्फत् सञ्चालित योजनाहरुबाट गाउँपालिका क्षेत्र भित्र रहेका अधिकांस मूख्य सडक सोलिङ्ग भई बाह्रै माहिना सञ्चालन हुने अवस्थामा छन्।

योजना कार्यानव्यनको समग्र अवस्था हेर्दा भौतिक प्रगति ९७.५% र वित्तीय प्रगति ८३.५% रहेको देखिन्छ।चालू आ.व. सम्ममा ३६०९ निजी आवास जिल्ला आयोजना कार्यान्व्यन ईकाईबाट पुनर्निर्माण भएको छ।

आ.व. २०७७/७८ मा वडा तहमा पनि प्राविधिक कर्मचारीको पदपूर्ति तथा प्राविधिक मेशिनरी औजारको आपूर्ति गरि पूर्वाधार विकास शाखाको क्षमता विकास गरिएको छ।

सामाजिक समावेशीकरण

महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अल्पसंख्यक लगायत अन्त सीमान्तिकृत समुदायको उत्थान तथा सशक्तिकरणका लागि लैंगिक समनाता शाखा स्थापित गरि चालू आ.व.मा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको छ । लैंगिक हिंसा निवारण, कुरिती नियन्त्रण तथा जनचेतना फैलाउने अभियान वडा कार्यालय, महिला सञ्जालको सहभागितामा संपन्न गरिएको छ । लैंगिक हिंसा सँग सम्बन्धीत तथ्यांक गरि संघीय तथा प्रदेश मन्त्रालयमा पठाईएको छ। उपभोक्ता समिति, संघ संस्था आदिमा महिलाको अर्थपूर्ण उपस्थितिका लागि प्रयास गरिएको छ। गाउँपालिकाद्वारा निर्माण हुने सबे प्रकारका समितिहरु समावेशी बनाईएको छ। संघीय तथा प्रदेश सरकारको सहयोगमा स्थानीय लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ। जसमा हाल रु २ लाख जम्मा छ।

वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी स्थानीय कानून तर्जुमा गरिएका छन्। विपद् व्यवस्थापन कोष खडा गरिएको छ। विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना तयारीको क्रममा रहेको छ। स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता विकास तालीम सहास नेपालको सहकार्यमा सञ्चालन गरिएको छ भने सो समितिको बैठक गत आ.व. मा २ पटक बसेको छ।

वातावरण संरक्षण अन्तर्गत गत आ.व.मा ८ स्थानमा मागका आधारमा भू-क्षय नियन्त्रण सम्बन्धी कार्यहरु गरिएका छन्। आगलागीका कारण खानेपानी अवरुद्ध भएका वडा नं. १ र ३ मा खानेपानी संरचनाको पुनर्निर्माण

गरिएको छ । साथै आगलागी नियन्त्रणका लागि Fire Ball खरिद गरि वडामा वितरणको तयारीमा रहेको छ । विपद् व्यवस्थापन भण्डार भवनको निर्माण कार्य सम्पन्न गरिएको छ ।

गत आ.व. मा विपद् व्यवस्थापन कोषमा रहेको रकम रु ४१,९१,४००।०० बाट असार मसान्त सम्म रु ३८,४७,०६७।०० खर्च भई रु ३,४४,३३१।०० बांकी रहेको छ । प्रमुख रुपमा विपद् प्रभावितलाई राहत, क्वारेन्टाईन व्यवस्थापन, कोभिड १९ नियन्त्रणका लागि स्वास्थ्य सामग्री खरिद, कोभिड १९ अस्थायी अस्पताल व्यवस्थापन, बाँदर धपाउने यन्त्र खरिद लगायतका विष्यमा कोषको उपयोग भएको छ । कोभिड महामारी लगायतका विपद् प्रतिकार्य तथा उद्धारका लागि समाग्रीहरुको समेत प्रबन्ध गरिएको छ ।

कोभिड १९ महामारी व्यवस्थापनः विश्वभरि फैलिएको कोरोना महामारी लहर नेपालमा फैलिए संगै लिखु गाउँपालिका पनि त्यस बाट अछुतो रहन सकेन । वडा नं. ३ र ६ बाट फैलिएको कोभिड १९ महामारीबाट गत आ.व. मा वडा नं. ९, ६ र ३ बढी प्रभावित रह्यो । ६६६ जनाको RT PCR र ८७ जनाको RDT Antigen विधि बाट परिक्षण गरिएकोमा क्रमशः २७५ र २४ जना संक्रमित देखिएका थिए । संक्रमण दर ३९.७% रहेकोमा निको हुने दर ९८.३% रहेको थियो । गत आ.व.मा यस गाउँपालिकामा कोभिड महामारीबाट मानवीय क्षति भएको छैन । आर्थिक बर्ष ०७७/७८ मा कोभिड विरुद्धको खोपतर्फ पहिलो मात्रा मात्र प्राप्त गर्ने १८३६ र दोश्रो मात्रा समेत प्राप्त गर्ने ४३६ जना रहेका छन् ।

समन्वय र सहकार्य

प्रदेश सरकारबाट समपूरक कोष प्राप्त गरि गाउँपालिकाको रणनीतिक सडक निर्माणलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ भने संघीय सरकारको साझेदारीमा सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिएको छ । कोभिड १९ महामारी लगायत अन्य विपद् व्यवस्थापन, कृषि, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा विभिन्न संघ संस्थासँग सहकार्य गरिएको छ ।

पूरा रूप

गा.वि.स. - गाउँ विकास समिति
गा.पा. - गाउँपालिका
प्र.प.अ. - प्रमुख प्रशासकीय अधिकृत
प्र.अ. - प्रधानध्यापक
गै.स.स. - गैर सरकारी संस्था
वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति
मा.वि. - माध्यमिक विद्यालय
आ.वि. - आधारभूत विद्यालय
मा.शि. - माध्यमिक शिक्षक
नि.मा.शि. - निम्न माध्यमिक शिक्षक
प्रा.शि. - प्राथमिक शिक्षक
स.ई. - सब-ईञ्जिनियर
अ.स.ई. - असिस्टेन्ट सब-ईञ्जिनियर
हे.ई - हेल्थ ईन्सपेक्सन
ना.प.से.प्रा. - नायब पशु सेवा प्राविधिक
क.न. - कम्युनिटि नर्स
अ.हे.ब. - एक्जुलरी हेल्थ वोर्कर
अ.न.मी. - एक्जुलरी नर्सिङ् मिडवाईफ
ज.स्वा.नि. - जन स्वास्थ्य निरीक्षक
ह.स.चा. - हलुका सवारी चालक
का.स. - कार्यालय सहयोगी
बा.बि.के. - बालबिकास केन्द्र
बा.बि.के.स.का. - बालबिकास केन्द्र सहयोगि कार्यकर्ता
म. - महिला
पू. - पूरुष
सा.सु. - सामाजिक सुरक्षा
DONIDCR - Department of National Id and Civil Registration
PMEP - Prime Minister Employement Programme
MIS - Management Information System
PLGSP - Province and Local Governance Support Programme
COPOMIS - Cooperative and Poverty Related Management Information System

IT - Information Technology
GIS - Global Information System
FM - Frequency Modulation
CCTV- Closed Circute Television
EMIS - Employment Management Information System
FCHV - Female Community Health Volunteer
ORC - Out Reach Clinic
EPIC - Expanded Programme of Immunization Clinic
PHCORC - Primary Health Care Out Reach Clinic
BCG - Bacillus Calemmete Guirin
DPT - Diptheria Pertusis Tetanus
MR - Measles Rubella
TD - Tetanus Diptheria
JE - Japanese Encephalitis
HepB - Hepatitis 'B'
Hib - Hemophillus Influenza
CPR - Contraceptive Prevalence Rate
U5 - Under Five (5)
ORS - Oral Rehydration Salt
ANC - Ante Netal Checkup
SBA - Skilled Birth Attendant
HW - Health Worker
IUCD - Intara Uterine Contraceptive Device
DEPO - Medroxyprogesterone Acetate
FP - Family Planning
MWRA - Married Women of Reproductive Age
TB - Tuberculosis
OPD - Out Door Patient
PCR - Polymerase Chain Reaction
RDT - Rapid Diagnostic Test
PPE - Personal Protective Equipments

विषयसूची

अध्यक्ष ज्यूको कलमबाट ____ i

उपाध्यक्ष ज्यूको कलमबाट ____ ii

प्रमुख प्रशासकीय अधिकृत ज्यूको कलमबाट ____ iii

कार्यकारी सारंस ____ iv

पूरा रुप ____ xii

परिच्छेद १, परिचय ____ १

गाउँपालिकाको सामान्य परिचय ____ १

लिखु गाउँपालिकाको राजनीतिक विभाजन ____ २

लिखु गाउँपालिकाको क्षेत्रफल तथा जनसंख्या ____ ३

गाउँ कार्यपालिकाको कार्यालय ____ ३

गाउँपालिकाको काम, कर्तव्य र अधिकार ____ ३

वडा कार्यालयको काम, कर्तव्य र अधिकारका विषयहरु ____ ४

लिखु गाउँपालिकाको संरचनागत व्यवस्था ____ ५

लिखु गाउँपालिकाको भौतिक व्यवस्थापनको अवस्था ____ ५

वडा कार्यालयको विवरण ____ १०

कार्यालयको सम्पर्क विवरण ____ ११

परिच्छेद -२, गाउँपालिका जनसांख्यिक पार्श्वचित्र ____ १२

परिच्छेद -३, स्थानीय सरकारको रुपमा लिखु गाउँपालिका ____ ४८

व्यवस्थापकीय अधिकारको प्रयोग ____ ४८

कार्यकारी अधिकारको प्रयोग ____ ५२

कार्यपालिका तथा समिति संरचना तथा क्रियाकलाप ____ ५२

न्यायीक अधिकारको प्रयोग ____ ५३

परिच्छेद -४, विषयगत शाखाको प्रतिवेदन ____ ५६

सामान्य प्रशासन ____ ५६

योजना अनुगमन तथा तथ्यांक ____ ७१

आधारभूत स्वास्थ्य तथा सरसफाई ____ ७४

आधारभूत तथा माध्यमिक शिक्षा ७९
सूचना तथा सञ्चार प्रविधि ८०
सहकारी, गैस.स., व्यवसाय दर्ता ८२
कृषि विकास ८५
पशुपंछी विकास ८८
रोजगार सेवा केन्द्र ९१
आयुर्वेद ९५
लैंगिक समानता ९६
सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता ९८
आर्थिक प्रशासन शाखा १००
सार्वजनिक सम्पति व्यवस्थापन तथा जिन्सी भण्डारण १०३
पालिका प्रहरी व्यवस्थापन १०४
स्थानीय विपद् व्यवस्थापन समिति १०५
परिच्छेद -५, वार्षिक बजेट, नीति तथा कार्यक्रम ११४
आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रमः ११४
आर्थिक बर्ष ०७८/७९ को बजेट वक्तव्य १२४
परिच्छेद -६, स्थानीय सरकार सञ्चालनः समस्या तथा समाधान १३३
अनूसूचीहरुः- १३७
तस्विर संग्रह २३६

परिच्छेद-१ : परिचय

गाउँपालिकाको सामान्य परिचय

प्रदेश नं. १ अन्तर्गत ओखलढुंगा जिल्लाको सुदुर पश्चिम भागमा लिखु गाउँपालिका रहेको छ । जिल्ला सदरमुकाम ओखलढुंगाबाट करिब ७५ किलोमिटरमा उत्तर पश्चिमतर्फ ८८.०३ वर्ग किलोमिटर क्षेत्रफलमा लिखु गाउँपालिका फैलिएको छ । यो गाउँपालिका साविकका सिंहदेवी, नर्मदेश्वर, यसम, गाम्नाङटार, टारकेराबारी र पोकली गरी जम्मा ६ वटा गा.वि.स.हरु मिलेर हाल ९ वटा वडामा रुपान्तरित भई बनेको छ । गाउँ कार्यपालिका कार्यालय वडा नं. ४ को यसममा रहेको छ । लिखु गाउँपालिकाको नामाकरण सप्तकोशीको सहायक नदी लिखु नदीबाट भएको हो । यस गाउँपालिकको पूर्वतर्फ चम्पादेवी र खिजिदेम्बा गाउँपालिका, पश्चिमतर्फ रामेछाप जिल्ला, उत्तरतर्फ खिजिदेम्बा गाउँपालिका र दक्षिणतर्फ चम्पादेवी गाउँपालिका रहेका छन् ।

गाउँपालिका पार्श्वचित्र, २०७८ अनुसार यस गाउँपालिकामा ३९९३ घर परिवारमा जम्मा २३,४९९ जनसंख्या रहेको छ । क्षेत्री जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राम्हण, तामाङ्ग, नेवार, मगर, सार्की, दमाई, सुनुवार लगायत विभिन्न आदिवासी जनजातीहरुको बसोबासले यस गाउँपालिकालाई अनेकतामा एकतावद्ध गर्न थप सहयोग गरेको छ । विभिन्न भाषा भाषी, घर्म र जातीय संस्कार एवम् चाडपर्वहरुले धार्मिक सहिष्णुतालाई थप उचाईमा पुर्याएको छ ।

यहाँका बासिन्दाहरु विशेष गरी कृषि पेशामा निर्भर रहेका छन् भने केहि मात्रामा सरकारी नोकरी, व्यापार व्यवसाय र वैदेशिक रोजगार जस्ता पेशामा आवद्ध रहेका छन् । कृषितर्फ प्रमुख बालीहरुमा मकै, धान, आलु, कोदो र गहुँ रहेको देखिन्छ भने मासु तथा दुधमा यो गाउँपालिका आत्मनिर्भर देखिन्छ ।

यस गाउँपालिका स्वास्थ्य सेवासँग सम्बन्धीत ६ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा हेल्थ यूनिट, १ आयुर्वेद औषधालय र १ कोभिड १९ अस्थायी अस्पताल रहेको छ । यसका अतिरिक्त स्वास्थ्य चौकी गाम्नाङ्गटारलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गरिएको छ । त्यसै गरी शिक्षा क्षेत्रसँग सम्बन्धीत २२ वटा सामुदायिक र १ निजी गरी जम्मा २३ वटा विद्यालयहरु रहेका छन् । यसका साथै यसै गाउँपालिकाको वडा नं. ६ मा रहेको क्याम्पसबाट उच्च शिक्षाको ज्योति पनि फैलिरहेको छ । यसका अतिरिक्त गाउँपालिका क्षेत्र भित्र २ वटा प्रहरी चौकि, ५ हुलाक कार्यालय, १४ वटा सहकारी संस्था र २७ गैरसरकारी संघ सस्थाहरु रहेका छन् ।

समुन्द्रि सतहबाट करिब ६०० मिटरदेखि २८०० मिटर उचाईसम्म फैलिएको यस गाउँपालिकामा मानव बसोबासको लागि उपयुक्त किसिमको हावापानी पाईन्छ । यस गाउँपालिकामा बेँसीका फाँटहरुदेखि हिउपर्ने लेकसम्म समेटिएको छ । सिल्खुबेँसी, पसलटार, दाहालटार जस्ता धान उत्पादन हुने फाँटहरु र पहराका फेदमा रहेको गाम्नाङ्गटार र टारकेराबारीका फाँटहरु यहाँका थप उर्बर भुमिहरु हुन । फलफूलको लागि उपयुक्त हावापानी भएका कारण यस क्षेत्रमा सुन्तला, जुनार, आँप, कटहर, अनार, खुर्पानी र अंगुर जस्ता फलफूल पाइन्छ । यस गाउँपालिकाको वडा नं. ९ पोकलीको माथिल्लो भेग आलु उत्पादनको लागि प्रसिद्ध रहेको छ । यस गाउँपालिकामा चिराइतो, जटामसी, त्रिफला, पाचऔले, घोड्ताप्रे, बोजो जस्ता महत्वपूर्ण स्वास्थ्यवर्धक जडीबुटीहरु पाइन्छन् ।

यस गाउँपालिकामा पोकली झरना, नर्मदेश्वर महादेव, ढुङ्ढुङ्गे महादेव, भोल्टेकोटगढी, रामेश्वर पशुपति मन्दिर, दुर्योचन्द्र पोखरी जस्ता ३४ भन्दा बढी पर्यटकीय गन्तव्यस्थलहरुले गर्दा पर्यटन व्यवसायको प्रवल संभावना रहेको छ, जसबाट होटल व्यवसाय, होमस्टे, ट्रेकिङ्ग सेवाहरु सञ्चालन गरी यहाँको स्थानीय बासीहरुमा रोजगारीको सिर्जना भई आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ। भ्रमण वर्ष २०२० को घुम्नै पर्ने १०० गन्तव्यको सूचीमा पोकली झरना सूचीकृत भए पश्चात आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्दै गईरहेको छ । लिखु ३ नर्मदेश्वर स्थित माझिटार पार्कले हजारौँ पर्यटकहरुको आगमनलाई स्वागत गर्न तत्पर रहेको छ । ओखलढुंगा जिल्लाको पश्चिम भागको गाउँपालिका, पोकली झरनाले चिनिएको गाउँपालिका, नर्मदेश्वर महादेवले चिनिएको गाउँपालिका, मानव बसोबास र कृषि उत्पादनको लागि उपयुक्त गाउँपालिका हो, जुन जनसंख्या र भौगोलिक रुपमा सानो भएतापनि सामाजिक, साँस्कृतिक, धार्मिक, जातिगत विविधताले भरिपूर्ण छ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त बिशेषता भएको यो गाउँपालिका एकताको सुत्रमा आवद्ध भएको पाइन्छ। विभिन्न सरकारी, गैरसरकारी संघ संस्था, सहकारी संस्थाहरुले गुणस्तर सेवा प्रवाह मार्फत सामाजिक न्याय, जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित र सुशासनको प्रत्याभूत गराएका छन्। स्थानीय स्तरमा लोकतान्त्रिक, जनउत्तरदायी, विधिको शासन, सुशासन, जनसहभागिता, कानूनी राज्य, समावेशिता अवलम्बन गर्न राजनितिक संयन्त्रको प्रभावकारी रुपमा क्रियाशील रहेको छ। यस गाउँपालिकामा सक्षम, सबल, प्रविधिमैत्री र प्रभावकारी प्रशासनिक संयन्त्र सधैं गुणस्तर, प्रभावकारी, छिटो छरितो ढंगबाट सेवा प्रवाह गर्न तत्पर रहेको छ।

लिखु गाउँपालिकाको राजनीतिक विभाजन

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम लिखु गाउँपालिकाको पनि राजनीतिक विभाजन तथा संरचनाको रुपरेखा निर्धारण गरिएको छ। लिखु गाउँसभाको निर्णय अनुसार यस गाउँपालिकाको केन्द्र साविकको यसम निर्धारण भई सञ्चालनमा रहेको छ भने विस्तृत विवरण देहाय बमोजिम रेहेको छः

केन्द्रः यसम, जम्मा वडा संख्याः ०९

वडा नं.	समावेश भएका साविकका गा.वि. स.	साविक वडा नं.
१	सिंहदेवी	१-५
२	सिंहदेवी	६-९
३	नर्मदेश्वर	१-९
४	यसम	१-५
५	यसम	६-९
६	गाम्नाङ्टार	१-५
७	गाम्नाङ्टार	६-९
८	टारकेराबारी	१-९
९	पोकली	१-८

लिखु गाउँपालिकाको राजनीतिक नक्सा अनुसूची-१ मा उल्लेख गरिएको छ।

लिखु गाउँपालिकाको क्षेत्रफल तथा जनसंख्या

गाउँपालिका पार्श्वचित्र, २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २३,४९९ रहेको देखिन्छ भने लैंगिक अनुपात ०.९८ रहेको छ। परिवारको औसत आकार ५.८९ मात्र छ र जनघनत्व सबभन्दा बढी वडा नं. ४ मा ६२० छ भने समग्र गाउँपालिकाको २६७ जना प्रति वर्ग कि.मी. रहेको देखिन्छ।

वडा नं.	क्षेत्रफल	परिवार संख्या	जनसंख्या			लैंगिक अनुपात	औषत परिवारको आकार	जनघनत्व
			महिला	पुरुष	जम्मा			
१	१०.८	२६७	७८६	८४३	१६२९	०.९३	६.१०	१६१.६१
२	६.६६	३८०	११८२	९९५	२१७७	१.१९	५.७३	३२६.८८
३	९.२	४६५	१३५८	१४३६	२७९४	०.९५	६.०१	३०३.७०
४	३.७३	३५८	११६६	११४६	२३१२	१.०२	६.४६	६१९.८४
५	९.५२	३९८	१०९१	१२००	२२९१	०.९१	५.७६	२४०.६५
६	६.४७	२९८	१०६२	१०५१	२११३	१.०१	७.०९	३२६.५८
७	६.९६	३८९	१३००	१३८६	२६८६	०.९४	६.९०	३८५.९२
८	१०.९१	६६९	१७०५	१७९१	३४९६	०.९५	५.२३	३२०.४४
९	२४.५	७६९	१९५९	२०४२	४००१	०.९६	५.२०	१६३.३१
जम्मा	८८.०३	३९९३	११६०९	११८९०	२३४९९	०.९८	५.८९	२६६.९४

गाउँ कार्यपालिकाको कार्यालय

लिखु गाउँ कार्यपालिका कार्यालय वडा नं. ४ को यसममा रहेको छ। नेपालको संविधानले परिकल्पना गरे अनुरुप सम्वत् २०७३ साल देखि लिखु गाउँ कार्यपालिकाको कार्यालय विधिवत रुपमा स्थापना भई सञ्चालनमा रहेको छ। सम्वत् २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचन पछि लामो समयदेखि रिक्त जनप्रतिनिधिहरु पनि गाउँपालिकाले प्राप्त गरि वास्तविक रुपमा स्थानीय सरकारको रुप धारण गरेको अवस्था छ। जनताको सबैभन्दा नजिकको सरकारको रुपमा कार्य प्रारम्भ गर्दा यस गाउँपालिकाले "लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत् समृद्धि" सोच राखेको छ।

गाउँपालिकाको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ को साझा अधिकार सूचीमा स्थानीय तहका काम, कर्तव्य र अधिकारहरु परिभाषित गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लिखु गाउँपालिका कार्य विभाजन तथा कार्य सञ्चालन नियमावली, २०७४ बमोजिम यसलाई थप व्यवस्थित गरिएको छ। जस अनुसार लिखु गाउँपालिका तथा वडा कार्यालयको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारका विषयहरु रहेको छः

- स्थानीय सेवा तथा जनशक्ति विकास
- सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन
- स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय

- पालिका प्रहरी व्यवस्थापन
- न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण
- बैठक तथा विधायन
- आन्तरिक लेखापरीक्षण
- विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि, विभूषण
- राजश्व तथा आर्थिक प्रशासन
- सडक तथा यातायात व्यवस्था
- भवन तथा भवन संहिता एवम् निर्माण इजाजत
- जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा, भू-उपयोग तथा बस्ती विकास
- जलविद्युत, ऊर्जा र सडक वत्ति
- सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण
- वातावरण, पर्यायवरण एवम् जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन
- विपद् व्यवस्थापन, वारूण यन्त्र, एम्बुलेन्स
- सार्वजनिक निजी साझेदारी
- कृषि तथा पशुपन्छी विकास
- सहकारी विकास
- वन, भू-संरक्षण, वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विविधता
- उद्योग विकास
- खानी तथा खनिज
- रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनिकरण
- आधारभूत तथा माध्यमिक शिक्षा
- खेलकूद तथा अतिरिक्त क्रियाकलाप
- आधारभूत स्वास्थ्य तथा सरसफाई
- खानेपानी व्यवस्थापन
- लैङ्गिक समानता तथा सामाजिक सुरक्षा
- गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता
- संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन
- योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन
- अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन

वडा कार्यालयको काम, कर्तव्य र अधिकारका विषयहरू

- वडा स्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने,
- वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समिक्षा गर्ने,
- वडाका विकास निर्माणका कार्यहरु गर्ने,
- कानून बमोजिमका नियमन कार्य गर्ने,
- अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने ।

लिखु गाउँपालिकाको संरचनागत व्यवस्था

नेपालको संविधान अनुसार सबै स्थानीय तहमा स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको संरचना सिर्जना भएको छ भने लिखु गाउँपालिकाको कार्य सञ्चालन तथा कार्य विभाजन नियमावली, २०७४ ले उपरोक्त व्यवस्थालाई थप व्यवस्थित गरेको देखिन्छ । यसका साथै अन्य संघीय, प्रदेश तथा स्थानीय तहद्वारा निर्माण भएका कानूनहरु स्थानीय तहको विस्तृत संरचना सुक्ष्म रुपमा निर्धारण गर्न उल्लेखनीय रहेका छन् । लिखु गाउँपालिकाको संरचनागत व्यवस्था देहाय बमोजिम रहेको छः



लिखु गाउँपालिकाको भौतिक व्यवस्थापनको अवस्था

गाउँपालिकाको आधुनिक प्रशासकीय भवन निर्माण नभए तापनि आफ्नै जग्गामा पक्की भवन रहेको छ । जसमा प्रशासकीय भवन, विभागीय भवन, सभा भवन, विषयगत भवन, विपद् व्यवस्थापन भवन, पालिका प्रहरी आवास, चमेना गृह तथा स्क्रयाप ब्लक गरि ८ वटा ब्लक रहेको छन् । स्थायी प्रमुख प्रशासकीय भवनको लागि DPR तयार गरी सम्बन्धीत निकायसँग भवन तथा संरचना निर्माणको लागि प्रस्ताव गरिएको छ । अधिकांश वडा कार्यालयका आफ्नै नाममा जग्गा रहेको छ भने ३ वटा वडा कार्यालय भाडामा रहेका छन् । सवारी साधनतर्फ २ वटा पिक अप गाडी, १ वटा व्याकहु लोडर छन् भने १३ थान मोटर साईकल सञ्चालनमा छन् । सूचना प्रविधितर्फ गाउँपालिकाले आफ्नैतर्फबाट पूर्वाधार निर्माण गरि सम्पूर्ण वडा कार्यालयसम्म ईन्टरनेट सेवाको विस्तार गरिएको छ । गाउँपालिकाको भौतिक व्यवस्थापनतर्फको विस्तृत विवरण देहाय बमोजिम रहेको छः

जग्गा सम्बन्धी विवरण

सि. नं.	क्षेत्रफल	कित्ता नं.	जग्गा धनी कार्यालयको नाम	ठेगाना	जग्गा प्राप्ति प्रक्रिया	जग्गाको प्रकृति	प्रयोजन	जम्मा क्षेत्रफल
१	२-१३-०-०	२३५	गा.वि.स.को कार्यालय यसम	लिखु ५	सःशुल्क	बारी सिम	पुरानो गा.वि.स.	२-१३-०-०
२	२-४-०-०	३०६	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ४	सःशुल्क	बारी सिम	गा.पा. अस्थायी भवन	७-६-३-०
३	२-०-०-२	४५३			सःशुल्क	बारी सिम		
४	३-२-२-२	७६			सःशुल्क	बारी सिम		
५	०-९-१-०	७७१	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ५	सःशुल्क	बारी सिम	प्रशासकीय भवन	११-६-३-०
६	१-३-३-२	७७५			सःशुल्क	बारी सिम		
७	०-१०-०-२	६४६			सःशुल्क	बारी सिम		
८	०-१४-०-०	७७३			सःशुल्क	बारी सिम		
९	३-७-३-२	३९			सःशुल्क	बारी सिम		
१०	०-५-०-१	८१९			सःशुल्क	पाखो बारी		
११	४-४-२-१	७९५			सःशुल्क	बारी सिम		
१२	१-७-०-१	५०१	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ४	सःशुल्क	भीर पाखा	खेलमैदान	९-०-३-२
१३	१-०-०-०	४९५			सःशुल्क	भीर पाखा		
१४	२-०-१-२	४९७			सःशुल्क	भीर पाखा		
१५	०-३-०-०	४९९			सःशुल्क	भीर पाखा		
१६	१-२-०-१	२५			सःशुल्क	सिम पाखा		
१७	०-८-३-२	४८५			सःशुल्क	सिम पाखा		
१८	१-३-२-०	४८७			सःशुल्क	सिम पाखा		
१९	१-८-०-०	४८३			सःशुल्क	भीर पाखा		
२०	०-८-०-०	७७९	गाउँ	लिखु ५	निःशुल्क	बारी सिम	बसपार्क	१०-५-२-०

२१	६-०-०-०	८००	कार्यपालिकाको कार्यालय		निःशुल्क	बारी सिम		
२२	१-०-२-०	७८५			सःशुल्क	भीर पाखा		
२३	१-८-०-०	८०७			निःशुल्क	भीर पाखा		
२४	१-५-०-०	८१६			निःशुल्क	भीर पाखा		
२५	१-९-१-३	४६१	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ४	सःशुल्क	बारी सिम	बजार व्यवस्थापन	३-१३-१-३
२६	२-०-०-०	४५७			सःशुल्क	बारी सिम		
२७	०-४-०-०	४७९			सःशुल्क	बारी सिम		
२८	४-०-०-०	१०७६	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ४	निःशुल्क	भिर पाखा	५ शैय्या अस्पताल	१२-०-०-१
२९	२-०-०-१	१२१			निःशुल्क	भीर पाखा		
३०	२-०-०-०	१०१४			निःशुल्क	भीर पाखा		
३१	०-८-०-०	१०७२			निःशुल्क	भीर पाखा		
३२	२-०-०-०	१०१५			निःशुल्क	भीर पाखा		
३३	१-८-०-०	१०७४			निःशुल्क	भीर पाखा		
३४	०-८-०-०	७८९	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ५	निःशुल्क	बारी सिम	टावर	०-८-०-०
३५	२-०-०-०	७८१	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ५	निःशुल्क	भीर पाखा	अन्य (टावर मुनि)	२-०-०-०
३६	०-८-०-०	७९८	गाउँ कार्यपालिकाको कार्यालय	लिखु ५	सःशुल्क	बारी सिम	अन्य (बाँसघारी)	०-८-०-०
३७	४-३-२-२	१२	गाउँ पञ्चायत, सिंहदेवी	साविक सिंहदेवी-८, लिखु २	निशुल्क	समथर	२ नं. वडा कार्यालय	४-३-२-२
३८								
३९	१-१२-१-१	८९	३ नं. वडा कार्यालय	साविक नर्मदेश्वर-६, लिखु ३	निशुल्क	समथर	३ नं. वडा कार्यालय	३-०-०-१
४०	१-३-३-०	३०९						
४१	१-१४-०-१	८४	गाउँ	लिखु ४	सःशुल्क	भीर	४ नं. वडा	२-११-०-१

			कार्यपालिकाको कार्यालय			पाखा	कार्यालय	
४२	०-१३-०-०	३२६			सःशुल्क	भीर पाखा		
४३	३-०-०-०	४५७	५ नं. वडा कार्यालय	साविक यसम ८, लिखु ५	-	समथर	५ नं. वडा कार्यालय	३-०-०-०
४४	०-१०-३-१	४५	गाविसको कार्यालय गाम्नाङ्टार	साविक गाम्नाङ्टार -४, लिखु ६	-	समथर	६ नं. वडा कार्यालय	०-१०-३-१
४५	१८-०-०-१	६४५	गाविसको कार्यालय गाम्नाङ्टार	लिखु ७	-	भिरालो		१८-०-०-१
४६	३-१०-०-०	६७५	७ नं. वडा कार्यालय	साविक गाम्नाङ्टार -८,लिखु ७	-	समथर	७ नं. वडा कार्यालय	३-१०-०-०
४७	३-१५-२-०	६३८	गाविसको कार्यालय टारकेराबारी	साविक टारकेराबारी-५, लिखु ८	-	समथर	८ नं. वडा कार्यालय	३-१५-२-०
४८	१-८-१-२	५०५	गाउँ पञ्चायत कार्यालय, पोकली	साविक पोकली-६,	-	समथर	९ नं. वडा कार्यालय	३-३-३-०
४९	०-११-२-०	७६५						
५०	०-१५-३-२	२६						
५१	३-०-०-०	२७७	स्वास्थ्य चौकी, यसम	लिखु ४	निःशुल्क	भीर पाखा	स्वा.चौ., यसम	३-०-०-०

भवन सम्बन्धी विवरण

सि.नं.	भवन संख्या	कोठा संख्या	भवन		तल्ला	प्रयोजन
			पक्की	कच्ची		
१	भवन-१	१६	-	कच्ची	२	विषयगत कार्यालय
२	भवन-२	८	पक्की	-	३	सभा भवन
३	भवन-३	५	-	कच्ची	१	प्रशासकीय भवन
४	भवन-४	१५	-	कच्ची	२	विभागीय कार्यालय
५	भवन-५	३	-	कच्ची	१	चमेनागृह
६	भवन-६	१	-	कच्ची	१	स्क्रयाप स्टोर टहरो
७	भवन-७	२	-	कच्ची	१	पालिका प्रहरी आवास
८	भवन-८	२	-	कच्ची	१	विपद् व्यवस्थापन

९	भवन-९	४	पक्की	-	१	९ नं. वडा कार्यालय
१०	भवन-१०	३	-	कच्ची	१	२ नं. वडा कार्यालय
११	भवन-११	३	-	कच्ची	१	६ नं. वडा कार्यालय
१२	भवन-१२	३	-	कच्ची	१	८ नं. वडा कार्यालय

सवारी साधन सम्बन्धी विवरण

सि.नं.	सवारी साधनको विवरण	सवारी साधन न.	सञ्चालनको अवस्था			बिमा
			चालु	सञ्चालन गर्न नसकिने	मर्मत गर्नु पर्ने	
१	महिन्द्रा स्कारपियो	बा २ झ ४०९१	चालु	-	-	भएको
२	टाटा योद्दा	प्रदेश न ३, ००२ झ ५०७०	चालु	-	-	भएको
३	अपाचे मोटरसाइकल	बा ३ ब ३१	चालु	-	-	भएको
४	अपाचे मोटरसाइकल	बा ३ ब ३०	चालु	-	-	भएको
५	अपाचे मोटरसाइकल	बा ३ ब २६	चालु	-	-	भएको
६	अपाचे मोटरसाइकल	बा ३ ब ३२	चालु	-	-	भएको
७	अपाचे मोटरसाइकल	बा ३ ब २७	चालु	-	-	भएको
८	अपाचे मोटरसाइकल	बा ३ ब २९	चालु	-	-	भएको
९	अपाचे मोटरसाइकल	बा ३ ब ३५	चालु	-	-	भएको
१०	अपाचे मोटरसाइकल	बा ३ ब ३४	चालु	-	-	भएको
११	अपाचे मोटरसाइकल	बा ३ ब ३३	चालु	-	-	भएको
१२	अपाचे मोटरसाइकल	बा ३ ब २८	चालु	-	-	भएको
१३	पल्सर मोटरसाइकल	स १ ब ७५०	चालु	-	-	भएको
१४	पल्सर मोटरसाइकल	स १ ब ७५४	चालु	-	-	भएको

१५	यमाहा मोटरसाईकल	प्र.३-०२-००१-ब-३१६८	चालु	-	-	भएको
१६	व्याक हु लोडर		चालु	-	-	भएको

वडा कार्यालयको विवरण

यस गाउँपालिका अन्तर्गत रहेका ९ वटा वडा कार्यालयहरु आफ्नै वडाको केन्द्रमा स्थापित भई सञ्चालनमा रहेका छन् । अधिकांश वडा कार्यालयका आफ्नै नाममा जग्गा रहेको छ भने ३ वटा वडा कार्यालय भाडामा रहेका छन् । वडा कार्यालय सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छः

वडा नं.	कार्यालय रहेको स्थान	भवनको प्रकार	भवनको स्वामित्व
१	च्युरीडाँडा	कच्ची	भाडा
२	हुलाकचौर	कच्ची	आफ्नो
३	नर्मदेश्वर	कच्ची	भाडा
४	बाँगेपीपल	कच्ची	सामुदायिक भवन
५	घुर्बिसे	कच्ची	भाडा
६	गाम्नाङ्टार	कच्ची	आफ्नो
७	साउनेचौतारा	कच्ची	भाडा
८	टारकेराबारी	कच्ची	आफ्नो
९	बोलकती	पक्की	आफ्नो

कार्यपालिकाको सम्पर्क विवरण

यस गाउँपालिकाको आधिकारिक सम्पर्क विवरण देहाय बमोजिम रहेको छः-

लिखु गाउँ कार्यपालिकाको कार्यालय	पत्रचार ठेगानाः लिखु गाउँपालिका-४, यसम, ओखलढुंगा, प्रदेश नं. १, नेपाल ई-मेलः info@likhumunokhaldhunga.gov.np, likhurmokhaldhunga@gmail.com वेभसाईटः www.likhumunokhaldhunga.gov.np
गाउँपालिका अध्यक्ष	श्री गोविन्द बहादुर पौडेल मोबाईलः ९८४३३३२१८९, ९७६११६६१२९ ई-मेलः gobindapaudel2076@gmail.com
गाउँपालिका उपाध्यक्ष	श्री शान्ता ढुङ्गेल मोबाईलः ९८६११५९६७८ ई-मेलः shanta.likhu@gmail.com
प्रमुख प्रशासकीय अधिकृत	श्री अभय कुमार गुप्ता मोबाईलः ९८५२८४२१४२ ई-मेलः abhay.gupta@nepal.gov.np
गुनासो सुन्ने अधिकारी	श्री दिनानाथ चौधरी मोबाईलः ९८४७४५१६२७ ई-मेलः dnritima09@gmail.com
सूचना अधिकारी	श्री द्रोण कुमार धमला मोबाईलः ९८५२८४४४२७ ई-मेलः ito.likhu.mun@gmail.com

लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार गाउँपालिकाको जनसांख्यिकी विवरण देहाय अनुसार रहेको छ।

१. घरमुली सम्बन्धी विवरण:-

लिखु गाउँपालिकामा समग्रमा हेर्दा महिला घरमुली जम्मा २१.४४ प्रतिशत देखिन्छ। जुन नेपालको समग्र अवस्था भन्दा निकै न्यून छ। वडागत रुपमा महिला घरमुली सबभन्दा बढी वडा नं. ३ मा (३४.६२%) देखिएको छ।

वडा नं.	पुरुष घरमुली	महिला घरमुली	जम्मा	महिला घरमुलीको प्रतिशत
१	२१७	५०	२६७	१८.७३
२	३०६	७४	३८०	१९.४७
३	३०४	१६१	४६५	३४.६२
४	२८६	७२	३५८	२०.११
५	३११	८७	३९८	२१.८६
६	२४३	५५	२९८	१८.४६
७	३२०	६९	३८९	१७.७४
८	५१४	१५५	६६९	२३.१७
९	६३६	१३३	७६९	१७.३०
जम्मा	**३१३७**	**८५६**	**३९९३**	२१.४४



२. जाति कोड अनुसार घर परिवारको वितरण

गाउँपालिका पार्श्वचित्र तयार पार्ने क्रममा सम्पूर्ण घर परिवारलाई चार वटा जातिकोड (खस आर्य, जनजाति, दलित र अन्य) मा विभाजन गरिएकोमा लिखु गाउँपालिकामा खस आर्य जातिको बाहुल्य (५४.२%) देखिन्छ भने जनजाति लगभग एक तिहाई (३१.६%) घर रहेका छन्। यद्यपि वडा नं. ३ र ९ मा जनजाति घर परिवारको बाहुल्य छ भने दलित घर परिवार सबै भन्दा बढी वडा नं. ८, २ र ३ मा रहेको छ।

सि.नं.	वडा नं.	खस आर्य	जनजाति	दलित	अन्य	जम्मा
१	वडा नं. १	२१६	३३	१८	०	२६७
२	वडा नं. २	२२७	६१	९२	०	३८०
३	वडा नं. ३	९६	२३४	८०	५५	४६५
४	वडा नं. ४	२४०	७९	३९	०	३५८
५	वडा नं. ५	२१७	१७३	८	०	३९८
६	वडा नं. ६	१५०	१२४	२४	०	२९८
७	वडा नं. ७	२९२	५७	३९	१	३८९
८	वडा नं. ८	४०५	११४	१५०	०	६६९
९	वडा नं. ९	३२२	३८६	६१	०	७६९
	जम्मा	**२१६५**	**१२६१**	**५११**	**५६**	**३९९३**
	जम्मा प्रतिशत	**५४.२**	**३१.६**	**१२.८**	**१.४**	**१००**



३. उमेर तथा लिंग अनुसार जनसंख्याको वितरण

३.१ जनसंख्या पिरामिड

लिखु गाउँपालिकाको जनसंख्या पिरामिड Expansive देखिन्छ। कोरा जन्म दर (Crude Birth Rate) १९.२ प्रति हजार र सामान्य प्रजनन दर ७५.९६ प्रति हजार रहेको देखिन्छ। महिलाको जनसंख्या ४९.४% र पुरुषको जनसंख्या ५०.६% रहेको छ। सबैभन्दा बढी जनसंख्या वडा नं. ९ मा (१७%) रहेको छ भने सबभन्दा कम जनसंख्या वडा नं. १ मा (६.९३%) रहेको छ। २० देखि २५ वर्ष उमेर समूहको जनसंख्या सबभन्दा बढी रहेको छ।

उमेर समूह	लिङ्ग	वडा									जम्मा	प्रतिशत
		१	२	३	४	५	६	७	८	९		
० देखि १ वर्ष		२९	३५	६६	५१	६१	३	५६	७७	७३	४५१	१.९२
० देखि ५ वर्ष	महिला	६६	८५	१०९	९४	८६	८६	११८	२७५	१६४	१०८३	४.६१
	पुरुष	६२	७७	११०	९०	१००	७५	९९	३३३	१६२	११०८	४.७२
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
५ देखि १० वर्ष	महिला	७०	८४	१०८	८५	७६	९३	१२४	२०४	१७६	१०२०	४.३४
	पुरुष	७५	६८	११६	७३	११८	७८	१४२	१७९	१७५	१०२४	४.३६
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
१० देखि १५ वर्ष	महिला	७०	११५	१३२	१०८	१३६	१०२	१४५	१८८	२१५	१२११	५.१५
	पुरुष	७४	९७	१५८	११५	११९	११३	१६३	१७६	१८४	११९९	५.१०
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
१५ देखि २० वर्ष	महिला	७५	१४५	१४८	१४३	१३९	११४	१२७	१८७	२१८	१२९६	५.५२
	पुरुष	९६	१०८	१६८	१२३	१६२	१२०	१२८	१९८	२२९	१३३२	५.६७
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
२० देखि २५ वर्ष	महिला	९४	१४८	१४८	१४२	१२८	१११	१६०	१७९	२१४	१३२४	५.६३
	पुरुष	१०८	१२७	१५७	१३५	१६१	१११	१६२	१६२	२३१	१३५४	५.७६
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
२५ देखि ३० वर्ष	महिला	८३	८८	१४८	१०७	९७	९५	१२५	१४०	२०५	१०८८	४.६३
	पुरुष	९०	१०९	१४४	१२०	१२२	१०९	१५४	१५०	२३०	१२२८	५.२३
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
३० देखि ३५ वर्ष	महिला	६०	९७	९४	८५	७८	९५	११७	१३०	१४३	८९९	३.८३
	पुरुष	७७	६६	९८	१००	७४	७९	१३५	१४३	१५५	९२७	३.९४
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
३५ देखि ४० वर्ष	महिला	५८	८४	१०४	८६	७१	७२	८२	८०	१३७	७७४	३.२९
	पुरुष	५२	८१	१०८	९२	६३	८२	९१	९९	१५३	८२१	३.४९
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
४० देखि ४५ वर्ष	महिला	३१	५६	८१	६१	५४	५९	४०	८६	८८	५५६	२.३७
	पुरुष	५३	५७	७८	५८	६१	५१	५२	९१	९०	५९१	२.५२
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००

४५ देखि ५० वर्ष	महिला	४८	५५	६६	५६	५३	६१	६०	५२	८८	५३९	२.२९
	पुरुष	४६	३९	६७	५३	५३	५२	४८	७०	१०२	५३०	२.२६
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
५० देखि ५५ वर्ष	महिला	२५	६५	५०	३८	४५	२७	४०	४५	५९	३९४	१.६८
	पुरुष	२३	४५	६७	४७	४७	३८	४५	४५	८२	४३९	१.८७
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
५५ देखि ६० वर्ष	महिला	२१	४६	३६	३९	३४	२९	४२	५१	६२	३६०	१.५३
	पुरुष	२०	३४	४७	४०	३०	३५	४१	४६	५६	३४९	१.४९
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
६० देखि ६५ वर्ष	महिला	२५	३२	४०	२८	२७	४५	३८	३३	५१	३१९	१.३६
	पुरुष	१६	२६	३२	३४	२५	३३	३९	३९	५२	२९६	१.२६
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
६५ देखि ७० वर्ष	महिला	२७	२२	३६	३२	२६	२१	२९	२१	४७	२६१	१.११
	पुरुष	२१	१८	३३	२२	२१	२९	३१	२९	३६	२४०	१.०२
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
७० वर्ष माथि	महिला	३३	६०	५८	६२	४१	५२	५३	३४	९२	४८५	२.०६
	पुरुष	३०	४३	५३	४४	४४	४६	५६	३१	१०५	४५२	१.९२
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०.००
जम्मा	महिला	७८६	११८२	१३५८	११६६	१०९१	१०६२	१३००	१७०५	१९५९	११६०९	४९.४
	पुरुष	८४३	९९५	१४३६	११४६	१२००	१०५१	१३८६	१७९१	२०४२	११८९०	५०.६
	अन्य	०	०	०	०	०	०	०	०	०	०	०
कुल जम्मा		**१६२९**	**२१७७**	**२७९४**	**२३१२**	**२२९१**	**२११३**	**२६८६**	**३४९६**	**४००१**	**२३४९९**	**१००**
प्रतिशत		६.९३	९.२६	११.९	९.८४	९.७५	८.९९	११.४	१४.९	१७.०	१००.००	



३.२ आश्रित जनसंख्या अनुपात

यस गाउँपालिकामा सक्रिय जनसंख्या अनुपात समग्र देशको भन्दा उच्च रहेको छ। गाउँपालिकाको सक्रिय जनसंख्या ६३% रहेको छ भने यसको विस्तार (Range) वडागत रुपमा ५६% देखि ६७%सम्म रहेको देखिन्छ।

सि.नं.	उमेर समूह	वडा									जम्मा
		१	२	३	४	५	६	७	८	९	
१	० देखि १४ वर्ष	४१७	५२६	७३३	५६५	६३५	५४७	७९१	१३५५	१०७६	६६४५
२	१५ देखि ५९ वर्ष	१०६०	१४५०	१८०९	१५२५	१४७२	१३४०	१६४९	१९५४	२५४२	१४८०१
३	६० वर्ष माथि	१५२	२०१	२५२	२२२	१८४	२२६	२४६	१८७	३८३	२०५३
जम्मा		१६२९	२१७७	२७९४	२३१२	२२९१	२११३	२६८६	३४९६	४००१	२३४९९
सक्रिय जनसंख्या प्रतिशत		६५	६७	६५	६६	६४	६३	६१	५६	६४	६३



४. शारीरिक अवस्था अनुसार जनसंख्याको वितरण

२. राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ता , घाइते र अपाङ्ग भएका नागरिकहरु प्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु ।राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

३. हाल विश्वव्यापी डरलाग्दो महामारीको रुपमा फैलिएको दोस्रो भेरीयन्स कोरोना भाइरस (कोभिड-१९) का कारण देशभित्र र देश बाहिर ज्यान गुमाउने नेपालीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सोकाकुल परिवार जन प्रति गहिरो सम्वेदना व्याक्त गर्दछु। कोभिड-१९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै कोभिड-१९लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना ब्यक्त गर्दछु। कोभिड-१९ महामारीको यस विषम परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक र महामारी रोकथाम, नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारीको उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्तिलाई सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु। नेपालको कोभिड संक्रमण प्रति कार्यमा सहयोग गर्नु हुने मित्र राष्ट्र सबैमा धन्यवाद दिन चाहान्छु कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु कोभिड-१९ मध्यनजर गरि सहयोग गर्नु हुने देश विदेशमा रहनु हुने सहयोगी मनहरुलाई हार्दिक आभार व्यक्त गर्दछु।

४. लोकतन्त्रको आधारस्तम्भको रुपमा एवम् जनताले महसुस गर्न सक्ने र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसँग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समयोचित सम्वोधन गर्दै समग्र गाउँपालिका समृद्धितर्फ तिव्र गतिको यात्रा तय गर्नु पर्ने अवस्थामा हामी स्थानीय सरकार रहेको छौँ ।यस बीचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई सँगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ। यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि स्थानीय सरकार काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ।

५. नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र र संघ, प्रदेश र स्थानीय सरकार वीचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको नीति तथा कार्यक्रम समेतलाई ह्दयंगम गरी हाम्रो स्थानीय सरकार संचालनको चार वर्षको अनुभव र गाउँसभा मार्फत पारित ऐन, नियम तथा कार्यविधि साथै लिखु गाउँपालिकाको दृश्टी शुशासन मार्फत सबृद्धि सोचका साथ आर्थिक वर्ष २०७८/०७९ नीति तथा कार्यक्रम तय गरिएको छ।

सभाध्यक्ष ज्यू,

६. आर्थिक वर्ष २०७८-०७९ को लक्ष्य भौगोलिक, क्षेत्रिय, वर्गिय, सन्तुलन कायम गर्दै आर्थिक प्रशासनिक एंव राजनैतिक शुशासन मार्फत समृद्ध सम्मुनत न्यायपूर्ण तथा सुखी लिखुको निर्माण गर्ने रहेको छ।

७. स्थानीय सरकार जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र अपेक्षा पूरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ। भौतिक संरचना पर्याप्त नहुनु, कर्मचारी र अन्य स्रोतसाधनको कमी हुनु तथा संघ, प्रदेश र स्थानीय तहवीच आयोजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकन प्रतिकूलताका बाबजुद स्थानीय सरकारले हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु।

८. नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम प्रयोग भएकाले स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि स्थानीय सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा २५ वटा महत्वपूर्ण ऐन,४० वटा नियम, कार्यविधि मापदण्ड तथा निर्देशिका, जारी भई कार्यान्वयनमा आएका छन्। यसबाट स्थानीय सरकारलाई संविधान एवम् कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको संस्थागत हुंदै गएको र गाउँपालिकामा कानुनी र कार्यविधिगत आधार तयार भई काम कारवाहीमा थप सहजता आएको छ।

९. स्थानीय तहमा न्यायीक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका विवादहरुको आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ ले व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न मेलमिलापकर्ता सूचिकृत गरी कामकारवाही अगाडि बढाइएको छ।

१०. गाउँपालिका भित्रको पर्यटकीय महत्व, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पोकली झरना,भोल्टकोट,रामेश्वर पशुपति मन्दिर, नर्मदेश्वर महादेव मन्दिर, ढुंगढुंगे मन्दिर, दुग्देश्वर महादेव, गुप्तेश्वर महादेव,भकारे ढुंगा लगायतका पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको पहिचान, संरक्षण र प्रवर्धन गर्न विभिन्न कार्यक्रमहरु गरि निरन्तरता दिंदै लगिएको छ।

११. नेपालको संविधानको अनुसूचि ८ को बुँदा नं. ४ मा उल्लेखित स्थानीय कर संकलनका लागि आवश्यक ऐन, नियमावली तथा कार्यविधि बनाई स्थानीय कर संकलन गरिनुका साथै व्यवसाय दर्ता लगायत राजश्वको स्रोतको दायरा फराकिलो बनाई चालु आर्थिक वर्ष ०७७/०७८ आन्तरिक आय रु. ३३४७६०२.३६ प्राप्त अनुमान गरिएको छ।

१२. शैशिक सुधार कार्यक्रम अन्तर्गत स्थानीय स्तरको शैक्षिक ज्ञान,सीप र प्रविधिको संरक्षण, प्रवर्दन र स्तरीकरण गर्न गाउँ शिक्षा समितिको गठन गरिएको छ। आधारभूत तहको परीक्षा सञ्चालन, अनुमगन र व्यवस्थापन गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली बमोजिम गठित परीक्षा व्यवस्थापन समिति मार्फत कक्षा आठको परीक्षा मर्यादित एवम् व्यवस्थित रुपमा सम्पन्न गरिएको छ।

१३. कोभिड-१९ महामारीको कारण बन्दाबन्दीको अबस्थामा रहेका बिद्यालयवाट पठन पाठन सूचारु गर्नको लागि बैकल्पिक माध्यम अपनाई CUG सेवा उपलब्ध गराईने छ। कोभिड-१९लाई मध्यनजर गरि विद्यार्थीहरुको लागि स्वास्थ्य सामाग्री उपलब्ध गराईनेछ।

१४. आधारभूत विधालयमा इन्टरनेट जडानको लागि विधालयहरुलाइ अनुदान दिइएको छ र यसलाइ निरन्तरता दिंदै लगिने छ।

१५. शैक्षीक सामाग्री निर्माणका लागि अनुदान दिइएको छ र निरन्तरता दिइदै लगिने छ।

१६. सामुदायिक विद्यालयमा कार्यरत छात्राहरुलाई सेनिटरी प्याड तत्काल वितरण गरि निरन्तरता दिईनेछ।

१७. पालिका भित्र रहेको आधारभूत विद्यालयहरु मध्येबाट कुनै विद्यालयलाई नमूना विद्यालयको रुपमा संचालन गर्दै लगिने व्यबस्था मिलाईनेछ।

१८.गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रियामार्फत चालु आर्थिक वर्ष ०७७/०७८ मा स्थानीयस्तरको विकासका लागि करिब १३१ वटा वार्षिक योजना बनाई कार्यान्वयन गर्दै गर्दा जेष्ठ मसान्तसम्म १३० वटा सम्झौता भई पूँजिगत प्रकृतिका योजनाहरुको प्रगति करिव ८६% प्रतिशत पुगेको छ। त्यस्तै संस्थागत सुशासन र सेवा प्रवाह सँग जोडिएका योजना तथा कार्यक्रम हाल कार्यान्वयन भई रहेको अवस्था छ। यसका लागि जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाइ, अनुगमन एवम् जनताको सुख दु:खमा साथ दिने गरी स्थानीय सरकार सशक्त भई रहेको छ।

१९.स्थानीय सरकारले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण,स्रोत साधनको अधिकतम उपयोगको लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग साझेदारी एवम् संयुक्त व्यवस्थापनमा पूर्वाधार निर्माण लगायतका कार्य गर्दै आएको छ । जस्तै सिंहदेवी-नर्मदेश्वर- यसम-गाम्नाङ- खिजिफलाटे राङचा बाखोर डाँडा सडक निर्माणमा प्रदेश सँग र प्रधानमन्त्री रोजगार कार्यक्रममा नेपाल सरकार सँग साझेदारी गरी समन्वय,सहकारीता र सहअस्तित्वको सिद्धान्तलाई स्विकार गरेको छ।

२०.पालिका भित्र रहेका प्रमुख सडकहरुलाई संघ प्रदेश सँगको साझेदारी कार्यक्रम गरि स्तर उन्नति गरिनेछ। वडा स्तरिय प्रमुख सडकको स्तर उन्नति गरिनेछ। वातावरण संरक्षणलाई समेत मध्ये नजर गरि नँया ट्रयाक खन्ने क्रमलाई क्रमश नियन्त्रण गरै लगिनेछ। प्रमुख पूर्बाधार बिकासका लागि समपुरक कोषको व्यवस्था गरिनेछ। बाह्रै महिना मोटर चल्ने गरि सडकको व्यवस्थापन गरिनेछ र गाउँपालिका केन्द्र देखि वडा केन्द्रसम्म बाह्रै महिना मोटरबाटो संचालन गरिने छ र स्तरउन्तती गर्दै लगिनेछ ।

२१.कृषि, सिचाई र SIP सँग साझेदारी गरी यसलाई अगाडि बढाइएको र खानेपानी एक घर एक धारा कार्यक्रमलाई प्राथमिकता दिई निरन्तरता दिईनेछ।

२२.नयाँ संरचना, कर्मचारी अभाव, भौगोलिक कठिनाई, कानुनी अस्पष्टता र अन्यौलताका बावजूद पनि सार्वजनिक सेवा प्रवाह र सुशासनलाई पहिलो प्राथमिकता दिंदै जनताको सुख दु:खमा अभिभावकत्व ग्रहण गर्दै विभिन्न वडाहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा जिल्ला प्रशासन कार्यालय सँग समन्वय र सहकार्य गर्दै सेवा प्रवाह मार्फत गाउँ गाउँमा सिंदरवारको अनुभूति गराउन स्थानीय सरकार सदा प्रयत्नशील छ।

२३.स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न स्थानीय सरकारले स्वास्थ्यकर्मी लगायतको सुविधा सहित १९ वटा ठाउँमा खोप केन्द्र र १८ वटा गाउँघर क्लनिक संचालन भईरहेको छ र जनतालाई स्वास्थ्यको पहुँचबाट टाढा हुन नदिनको लागि आवश्यकता महशुस गरी सामुदायिक स्वास्थ्य इकाई पनि स्थापना गरी सेवा प्रवाह भई रहेको छ। सबै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टरको नीति अवलम्बन गरिएको भएता पनि ५ वटा स्वास्थ्य चौकीहरुमा वर्थिङ सेन्टर संचालन भईरहेको र बाँकी स्वास्थ्य चौकीहरुमा संचालनका लागि कार्यप्रारम्भ भएको छ । त्यसैगरी नागरिकहरुको सेवाको लागि सबै वडाहरुमा चिकित्सक सहितको टोली मार्फत स्वास्थ्य परीक्षण गरिएको छ। साथै गर्भवती महिलाहरुको लागि सहजै स्वास्थ्य संस्थामा गर्भवती परिक्षण किटको व्यबस्था गरिएको छ र गर्भवती महिलाहरुको लागि ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम वडा वडाको स्वास्थ्य चौकीमा गई शिबिरको रुपमा संचालन गरिएको छ भने पोकली स्वास्थ्य चौकी र गाम्नाङटार स्वास्थ्य चौँकी प्रत्येक महिनामा आवश्यकता अनुसार जुनसुकै अबस्थामा पनि सेवा प्रवाह गरि रहेको र विभिन्न सहयोगी संस्थाहरुको सहयोगमा स्वास्थ्य सम्वन्धी वृहत्त शिविर समेत विविध स्थानमा संचालन गरी स्वास्थ्य सेवा नागरिकको घरघरसम्म विस्तार गरी नागरिकको स्वास्थ्य सम्वन्धि मौलिक हकप्रति स्थानीय सरकार प्रतिवद्ध छ।

२४.स्वास्थ्य सुधार कार्याक्रम अन्तर्गत स्वास्थ्य चौकी गाम्नाङटारमा डाक्टर,स्टाफ नर्स, ल्याव असिस्टेन्सको व्यावस्था गरि सेवा सञ्चालनमा ECG , USG, LAB सञ्चालन गरिएको छ। पालिका स्तरिय ५ बेडको अस्पतालको ठेग्गा

प्रक्रिया अगाडी बढाईएको छ । प्राथमिक स्वास्थ्य केन्द्रको भवनको बनाई सेवा संचालन गर्दै आईरहेको छ भने भौगोलिक कठीनाईका बाबजुत जनतालाई सहज तरिकाले स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि स्वास्थ्य यूनिट संचालन गरि सेबा प्रबाह गरि निरन्तरता दिईनेछ ।

२५.पूरानो चिकित्सा आयुर्वेद प्रति जागरण ल्याउन सबै वडामा आयुर्वेद कार्यक्रम सहित आर्थिक रुपले विपन्न, वृद्ध, असक्त अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नागरिकलाई नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको छ । यस्ता कार्यक्रमलाई थप सुदृढ बनाउदै लगिनेछ ।

२६.कर्मचारी समायोजन पश्चात सृजित कर्मचारी अभावको अवस्थामा समेत कर्मचारीहरुको उच्च कार्यसम्पादन एवम् लगनशिलताका कारण सेवा प्रवाहमा चुस्तता आएको छ । स्थानीय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुर्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिकाको सदा सर्वदा स्मरण गरिनेछ ।

२७.विकासमा निश्चित उद्‌श्य हासिल गर्न अपनाईने रणनीति,समय,क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनावद्ध विकासको शुरुवात गर्न स्थानीय सरकारको आवधिक गुरु योजना तयार गरी जस अनुसार तिव्र रुपमा काम संचालनलाई अगाडी बढाएको छ ।

२८.गाउँ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालय तथा विद्धालयहरुमा विद्धुतीय हाजिरी जडान गरी प्रयोग स्वरुप विधुतीय शासनको अभ्यास गरिएको छ । त्यस्तै गाउँकार्यपालिका कार्यालयको सुरक्षाका लागि सिसि क्यामेरा जडान गरिएको छ । स्थानीय सरकारले गरेको गतिविधि यथार्थ चित्रण गर्न डकुमेन्ट्री निर्माण गर्ने कार्य भै राखेको छ ।

२९.नागरिकको सूचनाको हक स्थापित गर्दै स्थानीय सरकारका सूचनाको सही प्रवाहीकरण गर्ने अपेक्षा लिईएको छ । सूचना प्रबिधिलाई थप प्रभाबकारी बनाउन सम्पूर्ण वडा कार्यालयहरुमा ईन्टरनेटको जडान गरिएको छ र फाईबर इन्टरनेटको लागि नेपाल टेलिकमसँग सम्झौता गरिएको छ । त्यस्तै सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत हाम्रो सरकारको सेवा प्रवाह प्रतिको आम नागरिकको धारणा बुझ्ने कार्य समेत गर्ने नीति लिएकोछ ।

३०.अनुदानमा आधारित विविध कृषिजन्य सामाग्री वितरण गरी कृषिमा आधुनिकीकरण गर्ने नीति अख्तियार गरिएको छ । आगामी वर्ष एक वार्ड एक अर्गानिक नर्सरी स्थापना गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ केही वडाहरुमा कृषि संकलन केन्द्र स्थापना गरिएको छ र बाँकी वडाहरुमा स्थापना गरिदै लगिने छ कृषि पकेट क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

३१.स्थानीय सरकारले गाउँपालिका भित्र प्राकृतिक तथा मानवीय सृजित कारणबाट हुन पुगेका घटनाहरुको तत्कालै सम्वोधन गरी स्थानीय सरकारको अनुभूति दिने प्रयास गर्दै आएको छ । त्यसका लागि विपद व्यवस्थापन कोषबाट वजेट प्रवन्ध गर्नुका साथै असाध्य रोग लागेका विपन्न नागरिकको स्वास्थ्य उपचारार्थ आर्थिक सहायता समेत प्रदान गर्दै आएको छ र दिर्ग रोगी र नियमित औंषधी सेवन गर्नेहरुको लागि केहि निःशुल्क रुपमा बितरण गरिएको छ ।

३२.सबै वडाहरुमा ज्येष्ठ नागरिक तथा अपाङग परिचयपत्र वितरण गरिरहेको छ । महिला क्षमता तथा अभिबृद्धि सशक्तिकरण कार्यक्रम लगायत लक्षित वर्ग सँग सम्वन्धित सिलाई कटाई, सुत्केरी भेट जस्ता कार्यक्रम समेत संचालन गरीरहेको छ र यसलाई प्रभाबकारी रुपमा अघि बढाउदै लगिनेछ ।

३३.यस वर्षका हाम्रा उपलव्धिहरु उत्साहवर्धक छन् । स्थानीय सरकारले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ हुने प्रशस्त आधारहरु तयार भएका छन् । लिखु गाउँपालिकको दृष्टि सुशासन मार्फत समृद्धि भन्ने दृष्टिकोण र कार्य शैलीका कारण सम्पूर्ण लिखुवासी नागरिकमा उत्साहको सञ्चार भएको अनुभूत गरिएकोछ ।

सभाध्यक्ष ज्यू

अव म गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तावित नीति तथा कार्यक्रमतर्फ यहाँहरुको ध्यानाकर्षण गर्दछु।

३४.यस प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास,पूर्वाधार निर्माण,उद्धमशीलता र रोजगारी वृद्धि,स्थानीय नेतृत्व विकास,दिगो विकास,प्रभावकारी सेवा प्रवाह, भौगोलिक, क्षेत्रीय, वर्गिय, सन्तुलन कायम गर्दै सम्मुनत न्यायपूर्ण र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित छन्।

३५.पोकली झरना, भोल्टेकोट ,नर्मदेश्वर महादेव मन्दिर, ढुंगढुंगे मन्दिर, दुग्देश्वर मन्दिर तथा गुप्तेश्वर मन्दिर , रामेश्वर पशुपति मन्दिर , भकारे ढुंगा, श्रीचौरँ ,महाकाली देविथान, कालीदेवि थान , चण्डीथान, सेति देविथान , जालपादेवि,सिद्धथान, राम लक्ष्मण पाइला , सामदेम छेलिङ गुम्वा, प्यागर ग्याल्वो, किरातँ भोल्टेकोट, दुर्योधन पोखरी, चुलि डाँडा लगायत पालिका भित्रका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी लिखु गाउँपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ ।यसको लागि पर्यटन मैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माण गर्न विस्तृत पर्यटन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ । निजी क्षेत्र सँग समेत समन्वय गरी लिखु पर्यटकीय पूर्वाधार विकासका कार्य अगाडि बढाईनेछ।

३६.जोखिम युक्त वस्ती पहिचानका साथै सुकुम्वासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्वासी तथा विपिन्न नागरिक सम्वन्धी जीविकोपार्जन र वसोवासको व्यवस्थापनका लागि उचित प्रवन्धका लागि पहल गरिनेछ। सुरक्षित आवास कार्याक्रमलाई निरन्तरता दिईनेछ।

३७.गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रर्वदन, परिचालन र विकास गरिनेछ। सहकारी सम्वन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र विक्री वितरण गर्ने सहकारीलाई प्रर्वदन गरी प्रोत्साहन गरिनेछ।

३८.बाली र पशुपन्छी बिमा कार्यक्रमलाई निरन्तरता दिदै सम्पूर्ण समूदायमा जानकारी प्रबाहलाई बिस्तार गरनेछ । पकेट कार्यक्रमलाई थप प्रभाबकारीता साथ निरन्तरता दिईदै लगिनेछ।

३९.गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लागनी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम् नवीकरणको दायरामा अगाडी बढाउदै लगिनेछ । र । गाउँपालिका भित्रका वस्तीहरुमा स्थानीय उत्पादन विक्रीको बजारलाई ब्यबस्थित बनाउदै स्थानीय हाटको व्यबस्था गरिएकोछ । साथै गाउँपालिका भित्रका कृषकहरुले उत्पादन गरेका बस्तुहरुलाई संलकन केन्द्र १,३,४,७,८,९ मा बनाई बाँकी वडाहरुमा यसै आ.ब. मा बनाई व्यबस्थित गर्दै लगिनेछ । लघुउद्यम बिकास कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमी उत्पादन सिर्जनालाई बढावा दिदै लगिनेछ।

सभाध्यक्ष ज्यू,

४०.स्थानीय सरकारको सेवा प्रवाहलाई सूचना प्रविधिसहितको सेवा सँग जोड्न प्रत्येक वडामा ईन्टरनेट जडान गरिएको छ विधालय स्वास्थ्य संस्था मा यसै वर्ष जडान गरिने छ र सूचना प्रविधिमा आधारित गाउँपालिका बनाइनेछ।

४१.गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई कानुनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको

सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ र पालिका भित्र रहेका सम्पूर्ण घरहरको नक्सा पास गरिने छ र सुरक्षित आवास कार्यक्रमलाई निरन्तता दिदै लगिनेछ ।

४२. गाउँपालिका भित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ भने मर्मत सम्भार कोष खडा गरी आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउँदै लगिनेछ ।

४३. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरणका साथै भ्रमण अवलोकन गराईनेछ । त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्याक्षसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख सँग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ ।

सभाध्यक्ष ज्यू,

४४. ज्येष्ठ नागरिक,एकल महिला,अपांगता भएका व्यक्ति,विधुवा,वालवालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकोमा स्थानीय सरकारले आर्थिक र सामाजिक रुफमा जोखिम रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चुस्त बनाउन आवश्यक कार्य गरिनेछ । लैङ्गिक हिंसा निबारणको लागि संरक्षण कोष स्थापना गरि निरन्तरता दिदै लगिनेछ ।

४५. बृद्ध बृद्धाहरुलाई उचित तरीकाले पालन पोषण गर्ने बुहारीहरुलाई प्रोत्साहन स्वरुप सम्मान गरिनेछ साथै विपन्न सुकुम्वासी हरुलाई सहुलियतका कार्याक्रमहरु गरिदै लगिने छ र विपदमा परि मृत्यू भएकालाई कामकाज खर्च दिईने छ ।

४६. सामुदायिक विद्यालयहरुमा अग्रेजी माध्यमबाट आधाभूत तहसम्मको शिक्षा दिनको लागि अंग्रजी विषयलाई प्राथमीकता दिदै लगिने छ ।

४७. कोभिड-१९ महामारीको कारण बन्दाबन्दीको अबस्थामा रहेका बिद्यालयवाट पठन पाठन सूचारु गर्नको लागि बैकल्पिक माध्यम अपनाई CUG सेवा उपलब्ध गराईने छ ।

४८. आधारभूत विधालयमा इन्टरनेट जडानको लागि अनुदान यसलाइ निरन्तरता दिँदै लगिने छ ।

४९. शैक्षीक सामाग्री निर्माणका लागि अनुदान दिइएको छ र निरन्तरता दिइदै लगिने छ ।

५०. सामुदायिक विद्यालयमा कार्यरत छात्रहरुलाई सेनिटरी प्याड तत्काल वितरण गरि निरन्तरता दिईनेछ । राष्ट्पति रनिङ्शिल प्रतियोगितालाई निरन्तरता दिदै लगिनेछ ।

५१. पालिका भित्र रहेका माद्यमिक कक्षामा अङ्रेजी, गणित, बिज्ञान बिषय शिक्षण सहयोग अनुदान कार्यक्रम संचालन गरिनेछ र आधारभूत विद्यालयहरु मध्येबाट कुनै विद्यालयलाई नमूना विद्यालयको रुपमा संचालन गर्दै लगिने व्यबस्था मिलाईनेछ ।

५२. सबै सामुदायिक विद्यालयलाई सूचना तथा संचारको पहुँच पुर्याउन कम्प्युटर शिक्षा प्रयोगलाई क्रमशः व्यवस्था गदै लगिनेछ ।

५३. गाउँपालिका भित्रका सबै वालवालिकालाई आधारभूत तथा माध्यमिक तहका सबै विद्धालयलाई वालमैत्री बनाउनुका साथै सबैका लागि शिक्षा अभियान संञ्चालन गरी प्राविधिक शिक्षालय स्थापनाका लागि प्रोत्साहन र थप सम्भाव्यता अध्ययन गरिनेछ । प्रचलित ऐन, नियमलाई कडाईका साथ पालना गरी विद्यार्थी सिकाइ उपलव्धिको परीक्षण र व्यवस्थापन समेत गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्वी मार्फत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिईनेछ ।

५४. गाउँपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ पिउनेपानी उपलव्ध गराउन विभिन्न संघ संस्थाहरु सँग सहकार्य गरी खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । पानीका मुहानहरुको संरक्षण एवम् आवश्यक अन्य केही ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गरिने छ गाउँपालिकाले गुरु योजना बनाइ एक घर एक धारा खानेपानी आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ र SIP सँगको साझेदारीमा सिंचाईलाई निरन्तरता दिईदै लगिनेछ । बैकल्पिक उर्जा सम्बन्धी कार्यलाई निरन्तरता दिदै लगिनेछ ।

५५. समृद्धि र विकास निर्माणको आधार, महिलाको क्षमताको विकास नारालाई कार्यान्वयन गर्दै गाउँपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै उद्धमशिलताको विकास गर्न उपाध्यक्ष सँग महिला कार्यक्रम संचालन गरिनेछ ।

५६. वैक तथा वित्तीय संस्थाहरु सँगको सहकार्यमा सबै नागरिकरुमा वैक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न आगामी वर्षहरुमा सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिंदै लगिनेछ ।

५७. गाउँपालिकाले हाल लिदै आएको कर,राजस्व,शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । यस गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न असल कारदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था गरिनेछ ।

५८. जनसांख्यिक, प्राकृतिक,आर्थिक,सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उत्पादन ,प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकांक,राजस्व तथा आय व्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

५९. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ । सबै सार्बजानिक जग्गा र पालिका भित्र रहेका सम्पूर्ण बस्तुको तथ्यांङ्क संकलन गरि यथार्थ विवरणको खाका तयार गरिनेछ ।

६०. लिखु गाउँपालिका भित्र रहेका जडिबुटीहरुलाई पहिचान गरी पत्पादन र प्रशोधनमा जोड दिई उद्योग संचालनलाई प्रोत्साहित गरिनेछ ।

६१. यस लिखु गाँपालिकामा आवश्यक अनुसार औंधोगिक क्षेत्र बिस्तार गरिनेछ ।

६२. गाउँपालिकामा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

६३. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्न प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरि मेलमिलाप कर्तालाई प्रोत्साहित गर्दै लगिनेछ ।

६४. गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा वाँझो जमिनमा आवश्यक सिँचाइको व्यवस्था गरी कृषि उत्पादन बढाईनेछ । पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयारी गरी कृषि सडक तथा स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण गरिनेछ । कृषि लगायत विकासका पक्षहरुमा व्यापक छलफल तथा स्थानीय सरकारका कामकारवाहीमा एकरुपता एवम् सामाज्यस्यता कायम गर्न कार्यक्रम संचालन गरिनेछ । बाझो जमिनहरुमा विक्षरोपन गरिनेछ । भू-क्षय अन्तर्गत कार्यक्रमहरु संचालन गरि आबश्यकता अनुरुप निरन्तरता दिदै लगिनेछ ।

६५. COVID-19 लगायत स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली,खोच तथा उद्धार,राहत सामग्रीको पूर्वभण्डारण,स्थानीय तटवन्ध,नदी र पहिरोको नियन्त्रण,विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गर्नका लागि पहल गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा/वडामा गठित विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाउदै युवा परिचालनका लागि युवा कार्यक्रम यथाशीध्र संचालन गरिनेछ ।

६६. कोभिड -१९ को कारण बिदेशबाट फर्केका युवाहरुको तथांङ्क संकलन गरि उनीहरुमा भएको सीपलाई मध्यनजर गर्दे कार्यक्रम तय गरीनेछ । र यूवाहरुको सीप र क्षमतालाई कदर गर्दै कार्यक्रम गरिनेछ । व्यवसायिक खेति पाकेटका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६७. यूवाहरुलाई रोजगार प्रति उन्मुख गराउनको लागि र बेरोजगारबाट पिडित हुन नदिन यूवा विभिन्न प्रकारका तालिमहरु संचालन गरि यूवालाई रोजगार प्रति उन्मुख गराईनेछ र कम्प्युटर ,सवारी साधन र अन्य व्यावसायीक तालिमहरु सञ्चालन गरिएको र यसलाई निरन्तरता दिइदै लगिने छ ।

६८. विगतबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रम पूर्णत निरुत्साहित गर्दै एक वार्ड एक गौरवको योजना संचालन गरिनेछ । असारे विकासलाई आगामी वर्ष अन्त्य गर्न योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ । साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव कार्यान्वयन गरिनेछ । बाह्र महिनानै चल्नेगरि सडकलाई प्राथमिकता दिदै लगिनेछ र खोलाहरुमा पक्कीपुल निर्माणका लागि प्रदेश संघसँग सम्मोनय गरि प्राथमिकताका आधारमा निर्माण गर्दै लगिनेछ ।

६९. रोजगारमूलक कार्यक्रमका माध्यम मार्फत गरिवी न्यूनिकरण गर्न एक घर एक महिला सीपमुलक कार्यक्रम संचालन गरिनेछ। गाउँपालिकालाई खाद्यान्न तथा तरकारी विउ विजनमा आत्मनिर्भर बनाउन फलफूल तथा मसकाजन्य तरकारीको बीउबिजनमा कृषकको मागलाई ध्यानमा राखि व्यबस्था मिलाउदै लगिनेछ

सभाध्यक्ष ज्यू,

७०. जिल्ला प्रहरी कार्यालय र स्थानीय सरकारविचको समन्वयमा संचालन गरिदै समुदायिक प्रहरी साझेदारी कार्यक्रम तथा लागुपदार्थ दुव्यर्सन सम्वन्धी कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ।

७१. गाउँपालिका भित्र रहेको गुठीको समस्यालाई यथाशीघ्र सम्वोधन गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ।

७२. गाउँपालिका भित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा संचालनमा रहेको लिखु एक्वार लगायतका संघीय तथा प्रदेश सरकारबाट कार्यान्वयन हने आयोजना समयमा नै सम्पन्न गर्न स्थानीय सरकारकातर्फबाट आवश्यक सहयोग एवम् समन्वय गरिनेछ। साथै गाउँपालिका सेवा क्षेत्र भित्र रहेका जलविधुत उत्पादनका आयोजनाहरुलाई समन्वय गरी सहजिकरणमार्फत सहयोग गरिनेछ। गाउँपालिका भित्र केन्द्रिय बिद्युतिकरणलाई प्राथमिकता दिदै लगिनेछ र सबै वडाहरुमा केन्द्रिय बिद्युतीकरण जडानलाई निरन्तरता दिदै लगिनेछ।

७३. झोलुङगे पुल निर्माणका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ। पक्कीपुलहरुलाई प्राथमिकतामा राखि अगाडी बढाईनेछ।

७४. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई कानुनी दायरामा ल्याई सभ्य समाज निर्माणमा जोड दिईनेछ। पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण गरि कार्यान्वयनमा लगिएको छ।

७५. स्थानीय पूर्वाधार विकास कार्यक्रम समेत उपभोक्ता समितिमार्फत कार्य गरी सम्पन्नको अन्तिम तयारीमा रहेको छ। महिला,वालवालिका तथा ज्येष्ठ नागरिक कार्यक्रमका लागि वजेट विनियोजन भै योजना कार्यान्वयनको अन्तिम चरणमा पुगेको अवस्था छ।

७६. गैरसरकारी संघ संस्थामा आवद्ध रही गाउँपालिका क्षेत्रभित्र कार्यरत रहेका संघ संस्थाकोयथार्थ विवरण गाउँकार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अध्यावधिक गरी जानकारी गराउनुपर्ने नीति अविलम्व लिईनेछ।

७७. सार्वजनिक प्रशासनलाई राजनीतिक सिद्धान्तबाट अलग राखी सरकारका नीति तथा कार्यक्रम निष्पक्ष रुपमा कार्यान्वयन गरी समृद्ध लिखु गाउँपालिका निर्माणमा समर्पित गराईनेछ।

सभाध्यक्ष ज्यू,

७८. यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "लिखु गाउँपालिकाको दृष्टि सुशासन मार्फत समृद्धि" भन्ने नारालाई आत्मसाथ गर्दै समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न स्थानीय सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन्। सबैलाई समान अवसर,समान अधिकार,उत्तिकै सुरक्षा,उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ।

७९. अन्त्यमा,प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला लगायत सबैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु। गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझावको अपेक्षासहित विदा हुन्छु।

शान्ता ढुंगेल
उपाध्यक्ष

आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य

आदरणीय सभाध्यक्ष ज्यू,

१. यस गरिमामय सभामा लिखु गाउँपालिकाको उपाध्यक्षको हैसियतले नेपालको संविधान बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गरिरहँदा गौरव महसुस गरेको छु। नेपाली जनताले लामो समय देखि परिवर्तनको निम्ति गरेको गौरवपूर्ण आन्दोलनहरु, जनयुद्ध, जनआन्दोलनका कारण प्राप्त उपलब्धिको रुपमा स्थापना भएको स्थानीय सरकारको जनप्रतिनिधितर्फबाट गरिमामय सभामा नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०७८/०७९ को वजेट प्रस्तुत गर्न पाउनु आफैँमा गौरवपूर्ण कार्य हो। यस अवसरमा नेपालको राजनितिक विकास र सामाजिक रुपान्तरणको क्रममा भएका विभिन्न संघर्षमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण महान शहिदहरु बेपता तथा घाइते योध्दाहरु र वहाँहरुको परिवारजन लगायत आम जनसमुदायमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु। हाल विश्वव्यापी डरलाग्दो महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण देशभित्र र देश बाहिर ज्यान गुमाउने नेपालीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। कोभिड-१९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै कोभिड-१९लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना ब्यक्त गर्दछु। कोभिड-१९ महामारीको यस विषम परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक र महामारी रोकथाम, नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारीको उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्तिलाई सहज बनाउन योगदान गर्ने अन्य देश व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु। कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा सम्पूर्ण दिदिबहिनि तथा दाजुभाई प्रति हार्दिक आभार व्यक्त गर्दछु।

२. समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि योगदान गर्न लिखु गाउँपालिकाको दृष्टि सुशासन मार्फत समृद्धि भन्ने मुल नारका साथ अगाडि बढ्ने गन्तव्य हाम्रो गाउँपालिकाको रहेको छ।

३. आगामी आर्थिक वर्षमा लिखु गाउँपालिकाको स्थानीय सरकारले सर्वसाधारण जनतालाई प्रत्यक्ष अनुभुति हुने खालका योजनाहरुलाई सहजै कार्यान्वयन गर्नका लागि ऐन कानूनहरु बनाई कार्यान्वयनमा लगिएको छ।

४. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान आवधिक योजना, विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्राथमिकता, जन अनुमोदित स्थानीय सरकारको नीति तथा कार्यक्रम दिगो विकासका लक्ष्य, स्थानीय सरकारको प्राथमिकताका सुझावहरु मार्गदर्शनका रुपमा लिएको छु। विभिन्न नागरिक समाज, बुद्धिजिवी , सम्पर्ण सरोकारवाला तथा कर्मचारी वर्गहरुले दिनु भएको सुझावलाई समेत ध्यान दिएको छु।

सभाध्यक्ष ज्यू

अब म स्थानीय सरकारको आर्थिक अवस्थाको यथार्थ जानकारी गराउन चाहान्छु।

५. संघीय/प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजस्व बाडँफाड, सशर्त अनुदान र आन्तरिक आयलाई परिचालन गरि यस गाउँपालिकाका कार्यक्रमहरु संचालन गरिने छ।

६. मैले मिति २०७७।०३।१० गते प्रस्तुत गरेको चालु आर्थिक वर्षको वजेट अनुमान मध्ये आ. व. २०७७ /०७८ को कुल अनुमानित वजेट ४४ करोड ८ लाख ९५ हजार ८ सय ५१ रुपैँया मा यसमा चालुतर्फ विनियोजित ३१ करोड १८ लाख ८५ हजार ९० रुपैँया, पूँजीगत खर्चतर्फ विनियोजित १२ करोड ९० लाख १० हजार ७ सय मध्ये कुल बजेटको ८६% प्रतिशत खर्च हुने अनुमान यस गरिमामय सभामा जानाकारी गराउन चहान्छु।

सभाध्यक्ष महोदय,

७. अब म स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेट उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहान्छु। यस वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन्।

क) गाउँ बासिहरुको गरिबी न्युनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्युनतम आधारभूत आवश्यकताहरुको परिपुर्ति गर्न।

ख) संघीय प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका स्रोत साधन, राजस्वको पहिचान र परिचालन गरि गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्न।

ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रेरित गर्दै भौतिक तथा सामाजिक पुर्वाधार तयार पारि समुन्नत, सुदृढ, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न।

घ) कृषि पशुपन्छी, उद्योग ब्यपार पर्यटन दिगो पुर्बाधार सिंचाई , खानेपानी विद्युत, ईन्टरनेट, खेलकुद, महिला विकास, क्रियाकलाप, दिगो पूर्वाधार सेवा संचालन वा विस्तार गर्नु।

ङ) कोभिड-१९ महामारी लगायत अन्य बिपदका अबस्था सँग लड्न सक्ने स्वास्थ्य क्षेत्र साथै प्रशासनिक संरचना चुस्तदुरुस्त गरि रिक्त दरबन्दी पदपूर्ती गरिनुका साथै क्षमता विकास गर्नु।

८. आर्थिक वर्ष २०७८/०७९ का प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु।

क) स्थानीय तह भित्रको शिक्षा, स्वास्थ्य आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपुर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन।

ख) उच्च, दिगो र फराकिलो आर्थिक वृद्दिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत तथा उधोग लगायतका क्षेत्रमा पुँजी विकास परिचालन।

ग) भौतिक सामाजिक पुर्वाधारहरुको विकास गरि सडक विस्तार जलविधुत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार।

घ) कोभिड-१९ लगायतका महामारी विपदलाई मध्यनजर गरि त्यसबाट पर्ने असरलाई न्यूनिकरण गर्नु।

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकम उपयोग गरि महिला बालबालिका, पिछडिएका क्षेत्र, समूदायलाई लैंङगिक समानता तथा सामाजिक समावेशी करण दिगो विकास बातावरण संरक्षण तथा सम्बर्धन गर्न भासिक तथा सामाजिक पक्षको जगेणा र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने।

च) उत्पादन मूलक छिटो प्रतिफल दिने जनताको जीबन स्तर आन्दानी तथा रोजगारी बढ्ने स्थानीय सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आर्थिक विकास, गरिबी निवारणमा प्रतक्ष्य योगदान पुर्याउने।

छ) स्थानीय सरकारको आधार सुशासन नैतिक र सदाचार भन्ने अभिप्रायका साथ आम नागरिकलाई गुणस्तरिय, परिणाममुखि, छिटो छरितो सेवा प्रदान गर्न।

ज) प्राकृतिक प्रकोपको न्युनिकरण र पर्यावरणीय संरक्षण गर्न।

सभाध्यक्ष ज्यू,

यस स्थानीय सरकारले वजेटको उद्देश्य हासिल गर्न, प्राथमिकतालाई कार्यान्वयन गर्न, सघं र प्रदेश सँग सहकार्य, समन्वय र साझेदारी गर्नेछ।

सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित प्रस्तुत गर्न गई रहेको छु।

कृषि र पशुपन्छी :

९. कृषि रोजगारीको बिकास मात्र नभई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा बिकास गरी पुर्ण रुपमा व्यवसायीकरण र औधौगिकिकरण गर्दै लगिनेछ।

१०. स्थानीय तहलाई खाधान्नमा आत्मनिर्भर बनाई अन्य स्थानीय कृषि जन्य उत्पादनको मागलाई समेत आपुर्ति गर्न सक्ने गरी कृषिको कार्यक्रमहरु संचालन गरीनेछ।

११. स्थानीय तहमा रहेका बाझा जमिनहरुलाई उपयोग गर्ने करार खेतीको माध्यमवाट खेति प्रणालीको बिकास गर्ने निति लिईनेछ। गरिबीको चपेटामा पिल्सिएका नागरीकलाई बाझो जमिनहरु जोतेर कृषि उत्पादनमा रहनेतर्फ डोहोर्याउने ५ कृषि उत्पादनमा स्थानीय वडा समिति सँग उचित समन्वय र सहकार्य गरि उत्पादन गरौँ गाउँपालिका सम्वृद्ध बनाऔ।

१२. कृषि पेशामा किसानहरुलाई आकर्षित गर्ने उदेश्यले स्थानीय सरकारले कृषि अनुदान कोषको व्यवस्था गरि बालि बिमा र पशुपक्षी विमा गरिनेछ।

१३. स्थानीय तहमा रहेका कृषि र जडीवुटी सम्बन्धी अनुसन्धान केन्दहरुलाई स्तोन्नति गरि परिचालन गरिनेछ।

१४. स्थानीय पालिकाको सबै भुमिको माटो परिक्षण गरि माटो सुहाउदो वाली लगाउन कृषकलाई प्रोत्साहन गरिनेछ। किसानको लागि आवश्यक पर्ने विउ बिजन उत्पादन र बितरण गर्ने व्यवस्था मिलाइनेछ।

१५. नगदेवाली, अलैची, अदुवा,बेसार तथा फलफुलहरु उत्पादनमा विशेष क्षेत्रको रुपमा बिकास गरिनेछ।

१६. गाउँपालिका भित्र औधोगिक ग्राम स्थापना गर्दै लगिनेछ।

१७. स्थानीय तहका जनताहरुको खाद्य सुरक्षा तथा नागरिकको पोषण सुरक्षाको प्रत्याभुति गर्नको लागि आवश्यक कार्यक्रम ल्याइने छ। पकेट बिकास कार्यक्रम संचालन गरि बाख्राको साना व्यबसाय कृषि उत्पादन पकेट विकास कार्यक्रम संचालन गरिनेछ।

१८. दीर्घकालिन बिषादी मुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगरिक किटनाशक बिषादी उत्पादन गर्नेतर्फ किसानहरुको बिचमा बिशेष अभियानका कार्यक्रमहरु संचालन गरिनेछ। यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

१९. गाउँपालिका क्षेत्रभित्र कम्तिमा एउटा कोल्ड स्टोर स्थापाना गरि संचालन गरिनेछ।

२०. स्थानीय तहलाई माछा मासु तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाई निर्यातयोग्य वस्तुको रुपमा बिकास गर्न पशुपालनको क्षेत्रमा संभाव्यता अध्ययन गरि उल्लेखित क्षेत्रमा पशु बीमा गरिनेछ र उत्पादकत्व रोजगार,राजस्वमा पुग्ने योगदानको आधारमा नीजि क्षेत्रमा संस्थालाई प्रोत्साहन गरिनेछ। कृषि संकलन केन्द्रको व्यबस्था गरिएको छ।

२१. स्वस्थ र सुरक्षित मासु उपभोग गर्नका लागि गाउँपालिका भित्रको मुख्य स्थानहरुमा पशु बधशाला स्थापना गर्न अनुदान दिइनेछ। साथै स्वस्थकर मासु बिक्री बितरण गर्ने मासु पसल संचालनको लागी मापदण्डका आधारमा अनुदान उपलव्ध गराइनेछ।

२२. माथी उल्लेखित कृषि र पशुपन्छीसँग सम्वन्धित कार्यक्रमहरु संचालन गर्नका लागि जम्मा १ करोड ५२ लाख ७४हजार बिनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

पर्यटन:

२३. लिखु गा.पा. भित्र रहेका सम्पूर्ण पर्यटकिय स्थलहरुलाई पुर्वाधार निर्माण गरी व्यवसायिक रुपमा लगानी गर्न नीजि क्षेत्र तथा सहाकारीहरुलाई प्रोत्साहन गरिनेछ।

२४. प्राकृतिक प्रकोपको बिपतको समयमा मानबिय उदार गर्नका लागि स्थानीय वडाहरु उपयुक्त स्थानहरुमा हेलिप्याड निर्माणलाई अगाडी वढाई भइरहेकालाई प्राथमिकता दिइनेछ।

२५. पालीका भित्र रहेका स्थलहरु पोकली झरना, भोल्टेकोट, रामेश्वर पशुपति मन्दिर, ढुंङ-ढुंङे मन्दिर, नर्मदेश्वर महादेव स्थान मन्दिर, माटे गुप्तेश्वर महादेव मन्दिर र दुग्धेश्वर महादेव मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।

२६. पर्यटकीय बिकासको लागि मुख्य स्थलहरु आसपास होम स्टेहरु संचालन गर्न प्रोत्साहन गर्ने र संघ प्रदेश सँगको सहकार्यमा पर्यटन कार्यक्रम संचालन गरिनेछ। जसका लागि ३० लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

जलस्रोत तथा उर्जाबिकास :

२७. तत्कालीन उर्जा बिकासको लागि स्थानीय स्तरमा रहेका साना जलबिधुत उत्पादनमा प्राथमिकता दिइ मापदण्ड निर्धारण गरी प्राथमिकताका आधारमा अनुदान उपलब्ध गराइनेछ।

२८. वैकल्पिक उर्जा अन्तर्गत वायु ग्यास प्रबिधिको बिकास गर्न उपभोक्तालाई निश्चित मापदण्डका आधारमा वायो ग्यास स्थापना र संचालन गर्न अनुदान उपलब्ध गराइनेछ।

२९. उर्जा सम्बन्धी जलस्रोत बिकासका लागि १२ लाख ३० हजार नियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

गरिबी तथा बेरोजगारी :

३०. नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हक तथा सम्बन्ध, नितिहरुका साथै दिगो बिकासको लक्ष्य अनुसार गरिवी घटाउने कार्यका लागि समेत स्थानीय सरकारले आवश्यक रणनिति र कार्यनितिहरु तय गरी संचालन गरिनेछ।

३१. गरिवी निवारण तथा सामुदायिक बिकासमा संलग्न संघ सस्थाहरु सँग समेत समन्वय र सहयोग जुटाउदै एक द्धार प्रणालीवाट गरिवी निवारणसँग सम्वन्धित परिणाममुखि कार्यक्रम गर्ने नीति लिइनेछ।

३२. गाउँपालिका क्षेत्रभित्रका बिपन्न तथा गरिव युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सृजना गर्न आत्मनिर्भर गराउन बिभिन्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ । बेरोजगार यूवालाई यूवा रुपान्तरण कार्यक्रम संचालन गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ। जसका लागि ८१ लाख ५० हजार विनियोजन गरेको छु ।

३३. गाउँपालिका भित्र रहेका प्राकृतिक साधन र स्रोतलाई अधिकतम सदुपयोग गर्दै घरेलु तथा साना उधोग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

३४. स्थानीय सीप स्रोत जनशक्ति, साधनलाई प्रयोग गरि खाडी, अल्लो, ढाका, सिलाई कटाई ढाका बुनाई जस्ता सिपमुलक उत्पादन गर्न विपन्न, गरिब महिलाहरुलाई प्राथमिकता दिई अनुदानको व्यवस्था मिलाइएकोछ।

३५. उधोग तथा सिप बिकास क्षेत्रका लागि रु ५१ लाख ५० विनियोजन गरेको छु ।

३६. तालिम संचालन गर्नको लागि २९ लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

सहकारीः-

३७. गाउँपालिकाको विकास र समृद्धिको मार्गलाई अगाडि बढाउनको लागि तीन खम्बे अर्थ नीतिको मूल ध्येयलाई आत्मसाथ गर्दै निजी-सरकारी-सहकारी क्षेत्रको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न सहकारी क्षेत्रको विकास र उनन्यन तथा प्रवर्द्धन साथै सहकारीलाई कृषिमा जोड्नको लागि बिभिन्न उपभोग्य सामाग्रीको व्यवस्थापन गर्नका साथै समग्र सहकारी क्षेत्रको निकासका लागि ५ लाख बजेट विनियोजन गरेको छु ।

लैंगिक समनता तथा सामाजिक समावेशीकरणः-

३८. लिंगको आधारमा हुने विभेदको अन्त्य गर्दै सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न र सोही बमोजिमको कार्यक्रम सञ्चालन गर्न साथै समाजमा देखिएका लिङ्गको आधारमा गरिएका भेदभाबलाई न्यूनिकरण गर्नको लागि छोरी मात्र जन्माई बन्धाकरण गर्ने दाम्पतिलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

३९. बिभिन्न दिवशहरु मनाउनको लागि साथै महिला सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिईनेछ । सुत्केरीहरुलाई थप जोखिमलाई न्यूनिकरण गर्नको लागि सौलियत एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ ।

४०. महिलाहरुको क्षमता अभिबृद्धि गरि आर्थिक पहुँचमा निरभर्ता बनाउनको लागि बिभिन्न चेतना मूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ । आमालाई खाना र शिशुलाई नाना कार्यक्रमको लागि बजेट बिनियोजन गरेको छु ।

४१. सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरु जेष्ठनागरिक, वालवालिका वालविवाह, वहुविवाह, घरेलुहिंसा जस्ता समाजमा हुने विकृति सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट रु १६ लाख ९० हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

शिक्षा :

४२. जीवनोपयोगी सिपमुलक शिक्षा प्रविधि युक्त शिक्षामा जोड दिई दक्ष जनशक्ति विकास गरिनेछ ।

४३. बिद्यालय जाने उमेरका सबै बालवालिकाहरुको बिद्यालय भर्ना सुनिश्चित गरिनेछ ।

४४. पालिका भित्रका सबै विद्यालयहरुका का.स. तथा बा.बि.के. हरुलाई तलब बृद्धि गरिएको छ ।

४५. सूचना प्रबिधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पुर्वाधारको व्यवस्था मिलाइनेछ ।

४६. गाउँपालिका सबै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट नै पठन पाठन गर्ने गराउने व्यवस्थालाई क्रमश सुरुवात गरिनेछ ।

४७. प्राविधिक शिक्षालय स्थापना गर्नलाई संभाव्यता अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

४८. आवश्यकता अनुसारको दरवन्दी मिलान गर्दै लगिनेछ ।

४९. प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान निर्माण गरि संचालन गर्न खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५०. पालिका स्तरमा व्यवस्थित खेल मैदान रङ्गशाला स्थापनाको लागि कार्य थालनी गरिनेछ ।

५१. विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम तथा विद्यालयमा बिभिन्न कार्यक्रहरु स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५२. वालबिकास केन्द्रहरुलाई विशेष प्राथमिकतामा लिई आवश्यक स्रोत साधन सम्पन्न बनाई संचालनमा जोड दिइनेछ । र कर्मचारीहरुलाई थप तलबको व्यबस्था गरिएको छ ।

५३. कोभिड -१९लाई मध्यनजर गरि शिक्षा मन्त्रालयले दिईएको मापदण्ड अनुरुप विद्यालय संचालनको लागि आवश्यक पूर्वाधार सामाग्रीको व्यबस्था गरिनेछ र बिद्यालयमा इन्टरनेट जडान गरिनेछ।

५४. विद्यालयका सम्पूर्ण महिला किशोरीहरुको लागि सेनिटरी प्याड व्यवस्था गरिएको छ।

५५. शिक्षातर्फ माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नको लागि १२ करोड ७४ लाख ९९ हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

स्वास्थ्य :

५६. स्वस्थ नागरिक स्वस्थ पालिका भन्ने निति अवलम्वन गरिनेछ।

५७. पालिका भित्रका जनताहरुको स्वस्थकर जीवनयापन गर्ने प्रणाली सुधार गरिनेछ।

५८. सुर्ति तथा मदिरा जन्य पदार्थहरुको उत्पादन, बितरण समुचित ढंगले नियमन गरिनेछ।

५९. पालिकामा प्रत्येक वडाहरुमा दक्ष जनशक्ति औषधी उपकरण, प्रविधि सहितको "एक वडा एक स्वास्थ्य संस्था अभियानलाई पुर्णता दिइनेछ।

६०. पालिका भित्रका सबै नागरिकलाई नेपालको संविधानले प्रत्याभुति गरे वमोजिम स्वास्थ्य सेवाको पँहुचको सुनिश्रितता प्रदान गरिनेछ।

६१. स्वस्थ शरीर र सकारात्मक सोच व्यक्तित्व बिकास गर्नका लागि ध्यान योग जस्ता कार्यक्रममा जोड दिइनेछ।

६२. पालिका भित्रका जडिवुटी र औषधीहरुको सदुपयोग गर्दै औषधी प्रवर्धनमा जोड दिइनेछ।

६३. यस स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर स्थापना गरी यसै वर्ष भित्र संचालन योग्य वनाइनेछ।

६४. वर्थिङ सेन्टरका लागि आवश्यक औजार उपकारणको व्यवस्था गरिनेछ।

६५. आकस्मिक रुपमा दिइने प्रसुति सेवा जस्ता महत्वपुर्ण सेबालाई आवश्यक थप जनशक्तिको व्यवस्था मिलाइनेछ।

६६. सबैका लागि निःशुल्क आधारभूत स्वास्थ्यलाई सार्थक बनाउन स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण औषधीको प्रर्याततताको सुनिश्चितता गरिनेछ र स्वास्थ्य सुधार कार्यक्रमलाई निरन्तरता दिनेछ।

६७. स्वास्थ्य संस्थाको खम्वाको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेबिकाहरुको निस्वार्थ र बिना पारिश्रमिक गरिएको अमुल्य सेवालाई उचित सम्मानका साथ प्रोत्साहनको व्यवस्था गरिनेछ।

६८. लिखु गाउँ पालिकालाई पुर्ण खोप सुनिश्चित गा.पा. घोषणाको कार्यक्रम गरिएको छ ।

६९. पालिकामा स्वास्थ्य विमा कार्यक्रम अनिवार्य तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७०. आयुर्बेद घुम्ति शिविर कार्यक्रम गरिनेछ।

७१. आयुर्बेदिक मातृ सुरक्षा कार्यक्रम साथै योग शिविर कार्यक्रम संचालन गरिनेछ।

७२. स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार भौतिक सामाग्रीको व्यवस्था गरिनेछ।

७३. स्बास्थ्य संस्थाहरुमा रहेका कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ।

७४. कोभिड-१९ को अबस्थालाई मध्यनजर गरि अबरात्र खट्ने स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

७५. सरसफाई सम्बन्धी बिशेष कार्यक्रम संचालन गरि हरेक वडामा कम्तिमा २।२ वटा सार्वजानिक शौचालय "एक घर एक करेसा वारी" "एक घर एक फोहोर संकलन खाल्टो" "एक घर एक टोकरी" अभियानलाई पुर्णताका साथ कार्यान्वयन आवश्यक स्रोतको व्यवस्था गर्दै कार्यान्वयन गरिने छ।

७६. स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि निम्न अनुसारको बजेट बिनियोयोजित गरेको छु। जस मध्ये स्वास्थ्य तर्फ ४ करोड ९६ लाख १८ हजार र आयुर्वेद तर्फ ४४ लाख ५० हजार गरी जम्मा स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि ५ करोड ४१ लाख ६८ हजार बजेट बिनियोयोजित गरेको छु।

सभाध्यक्ष ज्यू,

पूर्वाधार विकास :

७७. भौतिक पुर्वाधार निर्माण सम्वन्धी गुरु अनुरुप प्राथमिकिकरण गर्दै आवश्यक बजेट सहितको व्यवस्था मिलाएको छु।

७८. गाउँपालिका क्षेत्रका सबै महत्वपुर्ण क्षेत्रहरुमा सडक संजालले जोड्ने व्यवस्था मिलाइनेछ।

७९. गाउँपालिकाका सबै वडा र भुगोललाई सम्बोधन हुने गरि स्तरउन्नति गर्ने केन्द्रीय मुल सडकलाई १२ महिनानै गाडी चल्न योग्य सडक निर्माणमा प्राथमिकताको साथ योजना कार्यन्वयन गरिने छ।

८०. गाउँपालिका क्षेत्रमा रहेका मुख्य-मुख्य सडक सँग जोडिएका महत्वपुर्ण खोलानालामा मोटररेवल पुल निर्माण कार्यलाई अगाडी बढाउन पहलकदमी गरिनेछ ।

८१. भौतिक पुर्वाधार सम्वन्धी दिगो बिकास संचालनार्थ गुरु योजना तयार गरि कार्यान्वयन गरिनेछ।

८२. गाउँपालिका, वडा, स्वास्थ्य चौकी, आयुर्वेद, औषधालय, आमा समूह सञ्जाल, खोप केन्द्र भवन र बिद्यालयहरुका लागि व्यवस्थित भवन निर्माणको लागि प्राथमिकताका साथ, औचित्यताका आधारमा मापदण्ड तयार गरि निर्माण कार्य संचालनको व्यवस्था मिलाइनेछ।

८३. अव निर्माण हुने भौतिक पुर्वाधारहरु अपाङ्ग मैत्री, वालमैत्री हुने सुनिश्चितताको प्रतिवद्धताका साथ आवश्यक व्यवस्था मिलाइनेछ। सुरिक्षित आवास कार्यक्रमको लागि बजेट विनियोजन गरि कार्यक्रम अगाडि बढाईने छ।

८४. यस गाउँपालिका सँग पश्चिमतर्फ जोडिएको लिखु खोलामा अत्यावश्यक स्थलहरु पक्कि पुल निर्माणमा पहल गरिनेछ साथै निर्माणाधिन पुलहरुको सिघ्र कार्य सम्पादनको लागि जोड दिइनेछ।

८५. पालिका भित्र रहेका खेती योग्य जग्गाहरुको लागि सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न संघ संस्थाहरुसँग साझेदारी गरी सिंचाई योजनाहरु संचालन गरिनेछ।

८६. मुख्य मुख्य सडक, पर्यटन, सिंचाईको लागि संघ प्रदेश सँगको साझेदारी कार्यक्रमहरु गरिनेछ।

८७. पालिका स्तरीय गौरवका योजनाहरुलाई कार्यान्वयन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

८८. पालिका भित्रका जनतालाई दिगो एवम् व्यवस्थित र सरसफाई युक्त खानेपानीको व्यवस्था मिलाइनेछ।

८९. पालिका भित्र सम्पूर्ण घरधुरिमा एक घर एक धारा अभियानलाई अविलम्ब पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

९०. पूर्वाधार विकास अन्तर्गत १० करोड ९२ लाख ७० हजार बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

वन वातावरण तथा विपद् व्यवस्थापन :

९१. पालिकाको सम्वृद्धिको लागि वन जंगलको सहि सदुपयोग गर्ने नीति अघि वढाइनेछ।

९२. पालिका क्षेत्र भित्र उत्पादन हुने जडिवुटी र वन पैदावर सँग सम्वन्धित उधोगहरु स्थापना गरिनेछ यस्ता उधोगमा सहकारी, नीजि सहकारीको साझेदारी रहनेछ।

९३. जलवायु परिवर्तनको लागि स्रोत संरक्षणका कार्यलाई विशेष कार्यक्रमका साथ अगाडि वढाइनेछ।

९४. स्थानीय वातावरणको अनुकुलका वन पैदावारका बिस्तार विविधिकरण र वातावरण संरक्षणको व्यवस्था गरिनेछ। खालि जग्गाहरुमा वृक्षरोपनलाई प्रोत्साहन गरिनेछ।

९५. विपद् व्यवस्थापन कोषको लागि ३० लाख विनियोजन गरेको छु ।

९६. गाउँपालिका क्षेत्रमा सिंचाईको पहुँच नपुगेका क्षेत्रमा सिंचाईका न्युनतम आवश्यकतालाई प्राथमिकता साथ कार्यक्रम संचालन गरिनेछ। sip प्रवद्धधन गर्न विशेष वजेट व्यवस्था गरिनेछ।

९७. नदि नियन्त्रणको आवश्कता पहिचान गरि आवश्यक व्यवस्था मिलाइनेछ। भू-क्षय अन्तरगतको कार्यक्रमको लागि १२ लाख बिनियोजन गरेको छु।

९८. माथिका कार्यहरु गर्नको लागि कुल ५७ लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

९९. कानुनको शासन, प्रत्येक नागरिको मौलिक हकलाई प्रत्याभूत गराउनको लागि सुरक्षा संयन्त्रलाई समन्वायात्मक ढंगबाट परिचालन गर्न सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन मातहतका कार्यालयहरु बीचमा सहकार्यमुलक भूमिका निर्वाह गरिनेछ ।

१००. सुरक्षा चौकीलाई आवश्यक भौतिक व्यवस्था मिलाइनेछ ।

१०१. नागरिक सुरक्षा र जनचेतनाको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई अझ प्रभावकारीताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०२. गाउँपालिका सुरक्षा व्यवस्था सँग सम्वन्धित कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

संघ संस्था साझेदारी कार्यक्रमः-

१०३. SIP, साहास नेपाल, र गाउँपालिकाको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

क) साहस नेपालले कार्यान्वयन गर्ने जम्मा बजेट ५० लाख ७८ हजार ३ सय पचास मध्ये गा.पा. ले ३ लाख ७८ हजार ७८० को साझेदारी गर्नेछ ।

ख) SIP को ४३ लाख १० हजार गाउँपालिकाले समपुरक कोषको व्यवस्था गरेको छ भने यस कार्यक्रम अन्तर्गत जम्मा ४६ लाख ८८ हजार बिनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

सुशासन :

१०४. जनतालाई पालिका स्तरमा भएका निर्णय र क्रियाकलापहरुको सार्वजनिकिकरण गरिनेछ ।

१०५. चुस्त दुरुस्त सक्षम कर्मचारी सँगठनको व्यवस्था गर्दै जनताका काम छिटो छरितो गरि सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

१०६. सुशासनलाई प्रवद्धन गर्नको लागि सूचना तथा प्रबिधिलाई प्राथमिकतामा दिइ काम काज प्रशासनको नीति अवलम्बन गरिनेछ ।

१०७. सूचनालाई प्रविधिले काममा प्रभावकारी वनाउनको लागि E-governance system अपनाइनेछ । यसको लागि सूचना प्रविधिको नयाँ अबधारणाहरु प्रयोगमा ल्याइनेछ र विद्यालय स्वास्थ्य संस्था प्रयटकीय क्षेत्रहरुमा इन्टरनेटको व्यबस्था गरिनेछ ।

१०८. सुशासनलाई प्रवर्धन गर्नका लागि सूचना प्रविधि कार्यन्वयनको लागि रु ३० लाख वजेट बिनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू

सामाजिक न्याय तथा सुरक्षा :

१०९. लैङ्गिक समानताका लागि सचेतना कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

११०. घरेलु हिंसा, जातिय विवेद, छुवाछुत सम्बन्धी कुरिती अन्त्यका लागि सचेतना अभिवृद्धि गर्दै तत सम्बन्धी प्रचलित कानुनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१११. वालवालिकाहरुको हक अधिकार र संरक्षण सम्बन्धी गतिविधि संचालन गर्दै, वालमैत्री अपाङ्ग मैत्री पुर्वाधार बिकासमा ध्यान दिईनेछ ।

११२. समाजमा विधमान अन्य कुरिति घरेलु हिंसा जन्य प्रर्थाहरुलाई क्रमश अन्य गर्दै जान विशेष कार्यक्रम वनाई कार्यान्यन गरिनेछ।

११३. जेष्ठ नागरिकहरुको संरक्षण जेष्ठ नागरिक अपाङ्ग एवम् असहाय महिला आदिलाई परिचय-पत्र को व्यवस्थालाई कार्यान्वयन गरिनेछ।

११४. महिलाको उत्थान र सम्वृद्धिका लागि सिप मुलक तालिम संचालन गरिनेछ।

११५. संघीय सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तालाई वितरण गर्नका लागि चुस्त रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ। महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

११६. सुशासनलाई प्रवर्धन गर्नको लागि सूचना प्रविधि मा LGCDP सँगको साझेदारीमा आवश्यक वजेट व्यवस्था गरिनेछ।

सभाध्यक्ष ज्यू,

११७. आर्थिक वर्ष २०७८/७९ का लागि बजेटका आय स्रोतहरु प्रस्तुत गर्न चाहान्छु।

संघीय राजश्व	५ करोड ६९ लाख १८ हजार
प्रदेश राजश्व	२३ लाख ६९ हजार ७ सय १०
संघीय समानिकरण	७ करोड ९० लाख
प्रदेश समानिकरण	४३ लाख ८ हजार
संघीय समपूरक	१ करोड ३९ लाख
प्रदेश समपूरक	१ करोड
संघीय बिशेष	१ करोड २५ लाख
संघीय शसर्त	२० करोड ६ लाख
प्रदेश शसर्त	५६ लाख २० हजार
आन्तरिक स्रोत	१ करोड ६५ लाख ४ हजार २ सय ९०
सामाजिक सुरक्षा	५ करोड ९० लाख १६ हजार
जम्मा	४६ करोड ७ लाख ३६ हजार

सभाध्यक्ष ज्यू,

आगामी वर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा ४६ करोड ७ लाख ३६ हजार मध्ये चालुतर्फ ३० करोड ६ लाख ४१ हजार ७ सय र पूजीँगत तर्प १६ करोड ९४ हजार ३ सय विनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

यो वजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने आदरणीय अध्यक्ष ज्यु, विषयगत समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र यो वजेट तयार गर्ने सहयोग तथा सुझाव दिनुहुने सम्पूर्ण सभाका सदस्यप्रति म आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

अन्यमा आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनका लागि यो वजेट कार्यान्वयनको क्रममा सबै पक्षको पुर्ण सहयोग प्राप्त हुने बिश्वास लिएको छु।

शान्ता ढुंगेल
उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

आर्थिक बर्ष ०७८/७९ को बजेट तथा कार्यक्रम अनुसूची-१० मा उल्लेख गरिएको छ।

परिच्छेद-६ : स्थानीय सरकार सञ्चालनः समस्या तथा समाधान

स्थानीय सरकार सञ्चालनः सबल पक्षहरु

१. **नीतिगत व्यवस्थाः** यस गाउँपालिकाद्वारा २७ ऐन, ४२ नियमावली तथा कार्यविधि तयार भएका छन् र आवश्यकता अनुसार संशोधन पनि भएका छन् । जुन यस गाउँपालिकाका सम्पूर्ण गतिविधि सञ्चालनका आधारका रुपमा रहेका छन् । साथै प्रदेश तथा संघीय कानूनले समेत महत्वपूर्ण मार्गदर्शन गरेको छ ।

